त्रैमासिक बुलेटिन

# भूमि अधिकार

भूमि सम्मेलन विशेष

बर्ष २, पूर्णाङ्क ७, जनवरी, २००५




**“हरूवा, चरूवा, हलि, कमैया, मोही, सुकुम्वासी संगठीत होऊँ, आफ्नो हक पाउनको लागि आफ्नै अभियान सशक्त तुल्याउँ ।”**

## यस अंकमा

भूमिअधिकारको निम्ति जनसंगठनको खाँचो ........ ३
जुटे भूमिअधिकारका लागि ........ ५
फैलदो भूमि आन्दोलन ........ ७
अब हामी अधिकार लिएर मात्र मर्छौं ........ १०
भूमि अधिकारबाट वञ्चितहरूको राष्ट्रिय सम्मेलन ........ १३
भूमि अधिकारसम्बन्धी काठमाडौं घोषणा-पत्र ........ १६
अभियान क्रियाकलाप ........ १७
कुराकानी ........ १८

हाम्रो भनाई

## राम्रो शुरुवातसँगै बढेको जिम्मेवारी

०६१, पुस ४ देखि ६ सम्म काठमाडौंमा आयोजित देशभरीका भूमिअधिकारबाट वञ्चितहरूको राष्ट्रिय सम्मेलनले 'हरूवा, चरूवा, हलि, कमैया, मोही, सुकुम्वासी संगठीत होऊँ, आफ्नो हकका लागि आफ्नै अभियान सशक्त तुल्याऊँ' भन्ने मुल उद्घोषका साथ 'राष्ट्रिय भूमिअधिकार मञ्च' गठन गरेको छ । साथै सम्मेलनले नेपालको भूमिसम्बन्धी प्रतिनिधी समस्याहरूलाई एकिकृत गर्दै समस्या समाधानका लागि 'काठमाडौं घोषणापत्र' का रूपमा ठोस माग पनि अगाडि सारेको छ ।

यसरी भूमिअधिकारबाट वञ्चितहरू स्वयं जागरूक भएर नयाँ अठोटका साथ आन्दोलन अगाडि बढाउन लागि पर्नु आफैंमा ऐतिहासिक काम हो । नेपालमा विभिन्न चरणमा किसान आन्दोलन उठे पनि सबै पीडितका प्रतिनिधिहरू एकै ठाउँमा भेला भएर र आफैं पहलकदमी लिएर एकीकृत आन्दोलनका लागि अगाडि बढ्ने प्रण चाहि भएको थिएन । 'राष्ट्रिय भूमिअधिकार मञ्च' ले सबै भूमिअधिकारबाट वञ्चितहरूको प्रतिनिधी संगठनका रूपमा भूमिअधिकार आन्दोलनका क्रियाशील हुने अठोट गरेको छ । नेपाली जनताको भूमिहीनता, त्यसको कारण, जमिनदारको शोषणको रूप र अधिकार प्राप्तिको बाटोबारे एकदमै सतही र छिपछिपे वहस भइरहेको सन्दर्भमा भूमिअधिकार बाट वञ्चितहरूले आफैं अग्रसर भएर त्यस वहसलाई गहिरो बनाएका छन् । त्यसैले हामीलाई लाग्छ, यो सम्मेलन भूमिअधिकार आन्दोलनको एउटा कोशेढुंगा हो ।

पूर्व मेची देखि पश्चिम महाकालीसम्मका मोही, हली, उखडापीडित, हरूवा, चरूवा, कमैया, सुकुम्वासीका छुट्टाछुट्टै समस्याहरूको किटान हुनु, फेरी पनि मुल समस्या भूमिहीनता नै हो र त्यो प्राप्तिका लागि राज्य र सामान्ति ढाँचाको समाजविरूद्ध कठोर लडाईं लड्नुपर्छ भन्ने निष्कर्ष निकाल्नुले मात्रै यो संगठनको दायित्व पुरा हुँदैन । संगठनले सम्मेलनलाई सुरूवात मानेर त्यो कठोर लडाईंको रूपरेखा तयार पार्नुपर्नेछ । हामीलाई विश्वास छ, संगठनले हर क्षेत्रबाट भूमिअधिकार आन्दोलनको शुरूवात गर्नेछ र राज्यलाई भूमिपतिहरूको होइन भूमिहीनहरूको पक्षमा काम थाल्न दवाव दिनेछ ।

आजसम्मका किसान आन्दोलनहरूले खासै सफलता प्राप्त गर्न सकेका छैनन् । विगतको आन्दोलनबाट पाठ सिकेर नयाँ आन्दोलनको रूपरेखा तयार पार्नुपर्ने चुनौति संगठनसामु छ । त्यसका लागि भूमिहीनताको प्रतिनिधी समस्याहरूको चरित्र बुझ्ने, शोषणको ऐतिहासिक प्रवृत्तिको मुल्यांकन गर्ने र सुधार मात्र होइन नयाँ संरचनाको पक्षमा आफूलाई पेश गर्ने दृष्टिकोण राखेर अगाडि बढेमा मात्र बलियो संगठन निर्माण हुन सक्छ र वास्तवमै समस्या भोगिरहेकाहरूले आन्दोलनप्रति आशा प्रकट गर्छन् । यसले राजनीतिक दलहरूलाई समेत विषयप्रति एउटा संवेदनशीलतामा पुऱ्याउनेछ र उनीहरू भूमिहीनहरूको मुद्दा आत्मसात गर्न वाध्य हुनेछन् । त्यसो भयो भने सफलता हाम्रो काँधमा छ । हामीलाई विश्वास छ भूमिहीनहरूको यो नेतृत्व त्यो 'च्यालेन्ज' स्वीकार्न तयार हुनेछ । जस्तो की यसका संयोजक वलदेव रामले हामीसँगको भेटमा भनेका पनि छन् – 'हामी गाउँदेखि केन्द्रसम्म जुझारू संगठन निर्माण गर्छौं, अनि भूमिअधिकारको लागि देशव्यापी आन्दोलन थाल्छौं । हाम्रो आन्दोलन थेग्न सामन्तहरूलाई मुश्किल पर्नेछ ।'

## पत्रिकाको स्वरूपबारे

*भूमिअधिकार बुलेटिनको यो अंक भूमि सम्मेलन विशेषको रुपमा प्रकाशन गरिएको छ । यसपछि भने हामी बुलेटिनको यो ढाँचालाई परिवर्तन गरी दुई–दुई महिनामा समाचार विशेष र ६ महिनामा विचार प्रधान पत्रिकाको रुपमा प्रकाशन गर्नेछौं ।*

## अनुरोध

**यस पत्रिकामा भूमि अधिकारसँग सम्बन्धित लेख, घटना, समस्या, सल्लाह र सुझाव पठाई सहयोग गर्नुहुन हामी सबै पाठक महानुभावहरूमा अनुरोध गर्दछौं ।**

# भूमिअधिकारको निम्ति जनसंगठनको खाँचो

● विमल फुयाँल




## भूमिअधिकार आन्दोलनको सन्दर्भ

नेपालका ७६ प्रतिशत जनता खेती–किसानी काममा लागेका छन् । तर, कृषिमा कामगर्ने सबैको आफ्नै नाममा जग्गा–जमिन भने छैन । वर्षभरी आफ्नै खेतबारीमा मात्र काम गरेर गुजारा चलाउन सक्नेलाई त धेरै मान्छेहरु भाग्यमानी नै ठान्दछन् । काम रातोदिन कृषिमै गरेपनि आफ्नो हकलाग्ने जग्गाभने एकटुक्रो नभएकाहरु नै भूमिअधिकारबाट पीडित सुकुम्वासी हुन् । केन्द्रीय राज्य निकायको निर्देशनमा पटक–पटक सुकुम्वासी आयोगहरु बन्ने, भत्कने, प्रतिवेदनहरुको थाकलाग्ने अवस्था भइसक्दा पनि सुकुम्वासीको संख्या घट्नुको साटो निरन्तर बढ्दो छ । अहिले मुलुकमा दशलाख सैतिस हजार परिवारहरु सुकुम्वासी अवस्थामा छन् ।

राज्यको नियमअनुसार जोताहाले पाउनुपर्ने मोहियानी हक पनि नपाएका र दिनभरी खेतबारीमा कामगर्दा श्रमिकले पाउनुपर्ने न्युनतम ज्यालाबाट समेत वञ्चित हली, गोठाला, हरुवा–चरुवा तथा गुठी वा जमिनदारद्वारा पीडित मोही–किसान र सुकुम्वासीहरु नै यो मुलुकका सबभन्दा विपन्न र हरेक हिसाबले पाखा पारिएका समुदाय हुन् । त्यसैले भूमिअधिकारबाट वञ्चित हुनु भनेको घोर सामाजिक अन्यायमा पर्नु हो, टाउको उठाउन नसक्नेगरी शोषणको खाडलमा जाकिनु हो ।

यस्तो अन्यायपूर्ण भूमि व्यवस्था नै बहुसंख्यक जनताको आर्थिक गरिबीको मुहान हो । हली, कमैयाजस्तो अर्धदासप्रथा समाजमा कायम राखिराख्ने अर्थराजनैतिक आधारशीला पनि अहिलेकै भूमि व्यवस्थाले तयार गरेको हो । सिङ्गो समाजलाई पछौटे अवस्थामा खाँदिराख्ने यस्तो सामन्ती भूमिव्यवस्थालाई रुपान्तरण गरेर जमिन जोत्ने र व्यवस्थापन गर्नेलाई नै जमिनको मालिक बनाउनको लागि भूमिसुधारको खाँचो परेको हो । प्रगतिशील भूमिसुधारको लागि सशक्त भूमिअधिकार आन्दोलन चाहिएको हो ।

नेपालमा प्रगतिशील भूमिसुधारको आवश्यकताबारे चर्चा हुनथालेको पनि आधा शताब्दी नाघिसक्यो । राजनैतिक दलहरुको अगुवाइमा थुप्रै किसान आन्दोलनहरु पनि भए । भूमिसुधारको नाममा कतिपय कार्यक्रमहरु पनि आए । तर असली भूमिसुधार अझै देख्न पाइएको छैन । विगतमा 'जसको जोत उसको पोत' भन्ने लोकप्रिय नारा लगाउने राजनैतिक दलहरु नै सरकारमा पुगेका भएतापनि प्रगतिशील भूमिसुधारको कार्यक्रम लागू हुनु त कहाँ हो कहाँ भूमिअधिकारको सवाल नै राजनैतिक आन्दोलनको एजेण्डा बन्न छाड्दै गएको छ । ठूला तथा शक्तिशाली राजनैतिक दलका नेतृत्वहरुले भूमिअधिकारको मुद्दालाई लुलो किसिमले मात्र उच्चारण गर्न थालेपनि स्थानीयतहका अधिकांश कार्यकर्ताहरु भने अझै प्रगतिशील भूमिसुधारको पक्षमा छन् ।

## भूमिअधिकारको पक्षमा महत्वपूर्ण जनमत

सचेत लोकतन्त्रवादी तथा वामपन्थी राजनीतिकर्मीहरुको साथै नेपालका बौद्धिक तथा नागरिक समाजका सदस्यहरु पनि सामन्ती भूमिव्यवस्थालाई रुपान्तरण गरेर जमिन जोत्ने किसानलाई नै अधिकार दिनुपर्छ भन्ने मत राख्छन । मुलुकको समुन्नती र सामाजिक न्यायको प्रवर्धनको

लागि सशक्त भूमिअधिकार आन्दोलनको खाँचोबारे आमसंचारका माध्यमहरुमा पनि बारम्वार लेख, रचना, अन्तर्वार्ताहरु प्रकाशित भइरहेका छन् । विस्तारै दातृसंस्थाहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी विकासे संस्थाहरु पनि नेपालको गरिवी निवारणको सवाल विद्यमान भूमिव्यवस्थासँग गाँसिएको कुरा महशुश गर्न थालेका देखिन्छन । नागरिक समाजको तर्फबाट राष्ट्रिय तथा जिल्लातहमा भूमिअधिकार सरोकार समुहहरु बन्नथाल्नु पक्कैपनि सकारात्मक संकेतहरु हुन् । यस्ता अभियानले राजनैतिक दलहरुलाई पनि यो सवालमा पुन: घोत्लिन र सकारात्मक पाइला चाल्न बाध्य पार्नेछ ।

## जनसंगठनको निर्माण र सुदृढीकरण

लोकतान्त्रिक दलका कार्यकर्ताहरु, सामाजिक न्यायप्रेमी बौद्धिक समुदाय तथा नागरिक समाजका सदस्यहरु भूमिअधिकारको पक्षमा देखिनु निकै सकारात्मक कुरा हो । तर, नेपालकै र विश्वभरका अधिकारमुखी आन्दोलनहरुले हामीलाई के पाठ सिकाएको छ भने जबसम्म अधिकारबाट वञ्चित, शोषित तथा पीडित समुदाय आफै बिउँभ्रेको हुँदैन तबसम्म दिगो र वास्तविक परिवर्तन संभव हुँदैन । भूमिअधिकार आन्दोलनलाई दरो, दिगो बनाउँदै लक्ष्यसम्म पुऱ्याउनको लागि पनि हली, कमैया, सुकुम्बासी र मोही किसानकै मजबुत जनसंगठन बनाउनु अत्यावश्यक हुन्छ । पीडितहरुबाटै आन्दोलनको नेतृत्व पंक्ति विकास हुनुपर्छ । स्थानीयदेखि जिल्ला, क्षेत्र र राष्ट्रियतहसम्म पीडितहरुको आफ्नै जनसंगठनको संजाल बन्नुपर्छ ।

न्यायप्रेमी बौद्धिकहरुले अभियानको पक्षमा वकालत गर्न सक्छन । परिवर्तनवादी दलहरुले भूमिसुधारको पक्षमा ऐन, कानून र नीति संसदबाट अनुमोदन गराउन सक्छन । पत्रकारहरुले पीडितका आवाजहरु नीतिनिर्मातासमक्ष पुऱ्याउन सक्छन । इमानदार गैरसरकारी विकासे संस्थाहरुले समुदायतहसम्मै पुगेर भूमिब्यवस्थाबारे सहभागिमूलक छलफल चलाउँदै पीडितहरुको संगठन निर्माणमा सहयोगी भूमिका खेल्न सक्छन । तर, पीडितहरुको प्रतिनिधित्व पीडितहरुकै जनसंगठन सिवाय अरुले गर्न सक्दैन । राज्य निकाय, राजनैतिक दल र गैरसरकारी विकास संस्थाहरुमा जुन वर्ग वा तप्का नेतृत्वमा रहेको हुन्छ, त्यसले अन्तिम विन्दुसम्म हली, कमैया, सुकुम्वासीहरुको तर्फबाट शक्तिकेन्द्रहरुसँग सौदावाजी गर्ने संभावना नै छैन । यो राजनैतिक इमानदारीको सवाल मात्र नभएर सामाजिक शक्ति रुपान्तरणको शक्तिविन्यासको सवाल पनि हो । तसर्थ, भूमिअधिकार आन्दोलनलाई सफल तुल्याउन सशक्त जनसंगठन निर्माण गर्नु अपरिहार्य छ ।

**राज्य निकाय, राजनैतिक दल र गैरसरकारी विकास संस्थाहरुमा जुन वर्ग वा तप्का नेतृत्वमा रहेको हुन्छ, त्यसले अन्तिम विन्दुसम्म हली, कमैया, सुकुम्वासीहरुको तर्फबाट शक्तिकेन्द्रहरुसँग सौदावाजी गर्ने संभावना नै छैन । यो राजनैतिक इमानदारीको सवाल मात्र नभएर सामाजिक शक्ति रुपान्तरणको शक्तिविन्यासको सवाल पनि हो । तसर्थ, भूमिअधिकार आन्दोलनलाई सफल तुल्याउन सशक्त जनसंगठन निर्माण गर्नु अपरिहार्य छ ।**

## सशक्त जनसंगठनका केही विशेषताहरु

- जातिय, लैङ्गिक, क्षेत्रिय हिसाबले समावेशी संगठन संरचना,
- लोकतान्त्रिक पद्दति र सहभागिमूलक निर्णय प्रक्रिया अवलम्वन,
- संगठनतहमा स्वतन्त्र निर्णय, स्वतन्त्र नेतृत्व, स्वतन्त्र परिचालन,
- जनमुखी शिक्षा र सिकाइ पद्दति आन्दोलनको अभिन्न अंग बनाउने,

■■

## नाराहरु



| | | |
|---|---|---|
| जसको जोत | – | उसको पोत |
| जमिन कसको ? | – | जोत्नेको |
| जमिन्दारमुखी भूमि ऐन | – | खारेज गर |
| जनमुखी भूमिऐन | – | निर्माण गर |
| मुक्त कमैयालाई | – | जग्गा दे |
| हलिया प्रथा | – | अन्त्य गर |
| सुकुम्बासीलाई | – | जग्गा दे |
| जोतभोगको आधारमा | – | मोहियानी हक कायम गर |
| आमाको नाममा | – | नागरिकता दे |
| छोरा सरह छोरीलाई | – | अंश दे |
| जमिनको हक | – | लिन्छौ, लिन्छौ |

# जुटे भूमिअधिकारका लागि

नेपालमा भूमि अधिकारबाट वञ्चित हुनेहरुमा सुकुम्वासी, जोताहा किसान, कृषि श्रमिक, हलिया, कमैया, हरुवा, चरुवा आदि पर्दछन् । यिनीहरु मुलतः जातीय हिसाबले दलित, जनजाति र लैङ्गिक हिसाबले महिलाहरु छन् । राज्यको नीति, निर्माण र राजनीतिमा सामन्त तथा भूमिपतिहरुको बाहुल्य भएको हुँदा जोताहा किसानको हितमा भूमि अधिकार स्थापित हुन सकेको छैन् । अधिकारबाट वञ्चित हुनेहरु पनि विभाजित छन् । संगठित रुपले निरन्तर आन्दोलन हुन सकेको छैन । जसका कारण भूमिमा श्रम गर्ने, स्याहार गर्ने र उत्पादन गर्नमा लागेका समुदाय नै भोकभोकै रहनु परेको छ । विभिन्न प्रकारका सामाजिक अन्याय र शोषण पनि यही समुदायले भोगिरहेका छन् । उत्पादनको प्रमुख स्रोत भूमिको असमानुपातिक वितरणका कारण गरिबी मात्र मौलाउँदो छैन यसले अशान्ति र अन्यायलाई पनि बढाईरहेको छ ।

भूमि अधिकारबाट वञ्चितहरुको सचेत र संगठित आन्दोलन विना जनमुखी भूमिसुधार सम्भव छैन । यसै वास्तविकतालाई बुझेर केही समययता भूमि अधिकारबाट वञ्चितहरु संगठित रुपमा अधिकार प्राप्तिको अभियानमा जुट्दैछन् । उनीहरुकै अगुवाईमा भूमि अधिकारको लागि समुदाय तहमा सयौं संगठन निर्माण भईसकेको छ । केही जिल्लाहरुमा जिल्ला संगठन निर्माण भएको छ । यस्ता संगठनहरुले देशव्यापी रुपमा भूमिमा हक पाउन अभियान जारी राखेका छन् । यसलाई अझै सुदृढ बनाउन तथा भूमिको राष्ट्रिय मुद्दा पहिचान एवं अडान स्पष्ट गर्ने उद्देश्यले यही पौषको ४ देखि ६ सम्म काठमाडौंमा भूमि अधिकारबाट वञ्चितहरुको राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनमा भूमिअधिकार अभियानमा क्रियाशील सामाजिक संस्था, संगठन एवं व्यक्तिहरुले सहजीकरणको भूमिका निभाएका थिए । सम्मेलनमा जनजाती, दलित, महिला, विभिन्न भौगोलिक क्षेत्रका



व्यक्तिहरुको समतामुलक प्रतिनिधित्व थियो । सम्मेलन भूमिअधिकार राष्ट्रिय सरोकार समूहको संयोजनमा भएको थियो ।

### सम्मेलनमा के भयो ?

सम्मेलनको उद्घाटन सत्रमा भूमि अधिकारको क्षेत्रमा लागेका केही अनुभवी व्यक्तित्वलाई शुभकामना मन्तव्यका लागि आमन्त्रण गरिएको थियो । सम्मेलनको उद्घाटन कमैया, सुकुम्वासी, हलिया, मोही आदिका प्रतिनिधिहरुले संयुक्त रुपमा गरेका थिए । बिचबिचमा प्रस्तुत जागरण गीत तथा लगाईएका नाराले कार्यक्रम जोसिलो बनेको थियो । सोही दिन 'नेपालमा हलिया प्रथाः विगत, वर्तमान र मुक्तिको सवाल, कमैया मुक्तिः वर्तमान अवस्था र सुल्झन बाँकी सवालहरु, जोताहा मोही किसानको समस्या र द्वैध स्वामित्वको सवाल, नेपालमा सुकुम्बासी समस्याको जराहरु र समाधानको बाटो, दलित मुक्तिको अभिन्न पक्ष भूमि अधिकार, आदिवासी जनजातिको भूमि अधिकार र आरक्षणको सवाल, भूमिमा महिलाको स्वामित्व र लैङ्गिक समतामूलक भूमि अधिकार अभियान, भूमि अधिकार अभियान सशक्त तुल्याउनको निम्ति राजनैतिक दल, जनसंगठन, गैसस र अन्य सरोकारवालाको भूमिका' विषयका ८ वटा समानान्तर कार्यशालाहरु सम्पन्न गरिएका थिए ।

दोस्रो दिन सांगठानिक विषयमा छलफल गर्नुका अलावा विभिन्न राजनीतिक दलका कार्यालय एवं सरकारी निकायमा गएर भूमि अधिकारका विभिन्न एजेण्डाका बारेमा छलफल गरिएको थियो । सोही दिन भूमि अधिकारबारे सडक नाटक प्रस्तुत गरिएको थियो । कार्यक्रमको तेस्रो तथा अन्तिम दिन भूमि अधिकारबाट वञ्चितहरुको संगठन निर्माण, घोषणापत्रको अनुमोदनका साथै एक र्‍यालीको आयोजना गरिएको दिन त्यसै दिन सभागृहमा घोषणासभा तथा पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । यस सम्मेलनबाट भूमि अधिकारबाट वञ्चितहरुको १७ सदस्यीय 'राष्ट्रिय भूमिअधिकार मञ्च' नामक संगठन निर्माण भएको छ । जसको अध्यक्ष दलित तथा भूमि आन्दोलनका अग्रणी नेता बलदेव राम छानिनु भएको छ ।

### भूमि संगठन किन ?

भूमिसुधारको विषयमा विगत ६ दशकदेखि विविध चर्चा परिचर्चाहरु भई नै रहेका छन् तर अर्थपूर्ण परिवर्तन हात लाग्न सकेको छैन । मुलुकले राजनीतिक रुपमा अग्रगामी फड्को नमारेसम्म भूमि व्यवस्थामा ठुलो परिवर्तन आउँदैन । यस्तो परिवर्तनको लागि जनमुखी पार्टीको सरकार आवश्यक छ । यस मुद्दामा पार्टीहरुलाई ठिक ढंगले अगाडि बढ्न अधिकारबाट वञ्चितहरुको बलियो संगठनको

निर्माण र परिचालन आवश्यक छ।

भूमि अधिकारका लागि अधिकारबाट वञ्चित स्वयं र सरोकारवालाहरुबीच व्यापक सूचना आदानप्रदान तथा संवाद हुनुपर्दछ। जनसंगठनले यसका लागि मञ्चको रुपमा काम गर्दछ र आफ्ना हक अधिकारबारे जानकारी लिन/दिन सहयोग पुऱ्याउँछ। आन्दोलन प्रति पीडितहरुको अपनत्व वृद्धि गर्दै शक्तिको बोध गराउन एवं आन्दोलनलाई निर्णायक र परिणाममुखी बनाउन संगठीत कार्यक्रम र स्वरहरुको आवश्यकता पर्दछ।

भूमि अधिकारको आन्दोलनलाई स्थानीयदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा जोड्न र दवाब सृजना गर्न संगठन आवश्यक हुन्छ। भूमि व्यवस्थाका सम्बन्धमा बनेका ऐन नियम र कार्यक्रमहरुको अध्ययन, विश्लेषण गरी त्यसलाई जोताहाको पक्षमा परिमार्जन गर्न एवं नयाँ ऐनको निर्माण र त्यसको प्रभावकारी कार्यान्वियनका लागि दवाब दिने काममा यस्ता संगठनहरुले नै प्रभावकारी भूमिका खेल्न सक्दछन्।

जनहित र भूमिसुधारका पक्षमा छौ भन्ने राजनैतिक पार्टीहरुका जनवर्गीय संगठनहरुको नेतृत्वमा भूमिअधिकारबाट पीडितहरु पुगेका छैनन्। नीति निर्माण एवं प्रशासनिक निकायहरुमा पीडकहरु कै बोलबाला छ। पीडितहरुको उत्थानका योजनाहरु गैरपीडितहरुले बनाउँदा त्यो पीडितमूखी हुने कुरै भएन। किनभने पीडकहरुको हर क्षेत्रको संगठन बलियो र सबल छ। सरकार र सरकारी संयन्त्र पीडकहरुकै पक्षमा छ।

## जगाएको आशा

राष्ट्रिय भूमि अधिकार मञ्च भूमि अधिकारबाट वञ्चितहरु कमैया, हलिया, सुकुम्बासी, जोताहा किसान, हरुवा, चरुवा सबै संगठित भएको संभवत पहिलो संगठन हो। यस अघि सवालगत रुपमा संगठन निर्माण भएको भएपनि यसरी एउटै र बृहत संगठनको स्वरुप तयार भएको थिएन। यसले भूमि अधिकारबाट वञ्चितहरुलाई एकै ठाउँमा मात्र ल्याएको छैन, देशभरी संचालित भूमि अधिकारका आन्दोलनलाई पनि एकीकृत गरेको छ। समग्रमा जनसंगठनको राष्ट्रिय स्वरुपको उद्भव भएको छ।

समुदाय र जिल्ला तहमा उठेका अभियानलाई अब नीतिगत तहसम्म जोड्न र उठाउन आफ्नै संगठन खडा भएको छ। र, यस संगठनले अब नीति निर्माताहरुलाई आफ्ना एजेण्डा आधिकारिक हिसाबले प्रस्तुत गर्नसक्ने हैसियत राख्दछ। राज्यपक्षसँग निरन्तर रुपमा आधिकारिक हिसाबले प्रस्तुत हुनसक्ने शक्तिको रुपमा मजबुत बन्दै जाने जनसंगठनको खाँचो यसले गर्ने गरेको छ।

विभिन्न क्षेत्रमा उठेका आन्दोलनलाई एकीकृत बनाउन र त्यसप्रति समर्थन जनाउन यस अन्तर्गत ठाउँठाउँमा स्थानीय संगठनहरु खडा हुनेछन्। सामाजिक अन्याय र अधिकार हननका घटनाको विरुद्दमा देशव्यापी रुपमा दवाब सिर्जना गर्न अब सजिलो र सहज हुन्छ। कसैले कसैका लागि अभियान गरिदिने प्रक्रियालाई संगठनले बदल्न सक्छ।



देशको सामाजिक न्याय र समुन्नतीको लागि भूमि जोत्नेको हुनु आवश्यक छ। जसलाई हामी भूमि क्रान्ती पनि भन्न सक्छौं। यो क्रान्ती गर्नको लागि पीडितहरु वर्गीय रुपमा आफै जुट्नु अत्यन्तै सकरात्मक कुरा हो। यसले भूमिसुधारको समग्र रुपरेखा निर्माण प्रक्रियामा योगदान पुऱ्याउनेछ।

संगठनले लिएका एजेण्डालाई लागू गर्न विभिन्न समुदाय तहमा भएका संगठनको परिचालन गर्न सकिन्छ। यसबाट वर्तमान भूमि व्यवस्थाको पूर्ण खारेजी गरी नयाँ जनमुखी व्यवस्थाको लागि आम आन्दोलन हुनसक्दछ। जुन संगठनले सामाजिक तथा आर्थिक रुपमा पाखा लगाईएको समुदायको प्रतिनिधित्व गर्दछ।

## चुनौती

समुदाय तहका आधारभूत संगठन बलियो नभई जिल्ला र राष्ट्रिय तहको संगठन बलियो हुदैंन। आधारभूत समूहहरु बनाउन त सजिलो छ। तर यसलाई बलियो बनाउन र सही रुपमा निरन्तर परिचालन गर्नका लागि ठूलो र ईमान्दार प्रयासको आवश्यकता पर्दछ।

मुलतः वर्गीय समूहहरु बलियो बन्दै गएपछि यस्ता समूहहरु फुटाउन शक्ति गुमाउन पर्ने वर्ग जमेर लाग्दछ। जीविकोपार्जनका लागि त्यस्तै वर्गमा आश्रित परिवार भूमि अधिकारबाट वञ्चितको संगठनमा आवद्द हुने हुँदा संगठनलाई बाध्यतामा पारेर फुटाउन सक्ने संभावनाका विरुद्द जुध्न आवश्यक छ।

संगठनहरुमा सामूहिक नेतृत्व आवश्यक हुन्छ। यसका लागि संगठनका सदस्यहरुको क्षमता अभिवृद्धि गर्नुपर्छ। भूमिमा श्रम गर्ने, स्याहार र उत्पादन गर्न लागि पर्ने समुदाय नै भोकभोकै रहनुपरेको, विभिन्न प्रकारका सामाजिक अन्याय र शोषण पनि भोगिरहनु परेको समुदाय नै आन्दोलनको नेतृत्वकर्ता हो भन्ने कुरामा हामी प्रष्ट हुनुपर्छ। उत्पादनको प्रमुख स्रोत भूमिको असमानुपातिक वितरणका कारण गरिबी मात्र मौलाउँदो छैन यसले अशान्ति र अन्यायलाई पनि बढाईरहेको छ। यसको लागि निरन्तर अभियानका साथै नेतृत्व हस्तान्तरणका लागि समेत जुध्न आवश्यक छ।

संगठनको आर्थिक स्रोतको व्यवस्थापन अर्को चुनौतीको विषय बन्ने गरेको छ। यस्तो आर्थिक स्रोत आफ्नै संगठनको परिचालनबाट व्यवस्थापन हुन सकेमा मात्र आफ्ना एजेण्डालाई स्थापित गर्न सकिन्छ। शर्तमा स्रोत लिन थालिएमा यसले फेरी पनि आन्दोलनलाई सफलतामा पुऱ्याउन सक्दैन। संगठनलाई कसरी लोकतान्त्रिक र समतामुलक बनाउने भन्ने पक्ष पनि चुनौतीको रुपमा रहेको छ।

अन्त्यमा, स्थानीय तहका परिवेशलाई मसिनो ढंगले विश्लेषण गर्दै एजेण्डा उठाउनु पर्दछ। केन्द्रिय एजेण्डालाई लाद्ने प्रवृति बन्द गर्नुपर्छ। अधिकारबाट वञ्चितहरु नै अभियानकर्ताको रुपमा अगाडि आउन आवश्यक छ। सुरुका केही समय संगठन निर्माण र आमसचेतीकरण आवश्यक छ। यस्तो संगठन विकासे रोग नलागेको र कोठा बाहिर नै केन्द्रित हुन चाहने हुनु आवश्यक छ। वैचारिक प्रष्टता, रणनीति निर्माण र अनुगमन तथा मूल्याकंनलाई संगठनका आधारभुत तत्वका रुपमा अगाडि बढाईनु पर्दछ। ■■

# फैलदो भूमि आन्दोलन

● कृष्ण पाठक

मानव विकास प्रतिवेदन २००४ अनुसार नेपालमा ५ प्रतिशत धनी व्यक्तिहरुले ३७ प्रतिशत जमीन कब्जा गरेका छन् भने ४७ प्रतिशत गरिव व्यक्तिहरुले औसत ०.५ हेक्टरका दरले १५ प्रतिशत मात्र जमीनमा स्वामित्व पाएका छन् । भण्डै १० लाख कृषि मजदुर परिवार उत्पादनको मुख्य साधन जमीनको स्वामित्ववाट पलायन हुनुपरेको छ । उनीहरुलाई सामाजिक रुपमा कमजोर र आवाज विहिन, आर्थिक रुपमा विपन्न, राजनैतिक रुपमा शक्तिहिन वनाई समग्र रुपमा पछाडि पारिएको छ। यसले ती व्यक्तिहरुको मर्यादीत जीवन जीउन पाउने सर्वमान्य मानव अधिकारको सिद्धान्तलाई चुनौती दिएको छ ।

राज्यको श्रोत साधनमाथि यसै पृष्ठभूमिमा केही समय यता अन्यायमा परेका वा पछाडि पारिएका नागरिकहरुको पहुँच तथा नियन्त्रण बारेको बहस बढ्न थालेको छ। यसलाई सामाजिक न्याय र मानव अधिकारको सवालमा जोडेर हेर्न थालिएको छ। सीमित व्यक्तिहरुले आर्थिक, सामाजिक र राजकीय शक्ति हत्याउने र धेरै व्यक्ति उनीहरुको सेवक हुनपर्ने अन्यायपूर्ण संरचना हाम्रो मुलुकमा मात्र नभई सवै अल्पविकसित तथा विकासोन्मुख मुलुकहरुको समस्या हो । संसारभरका गरिव श्रमिक किसानहरुको खाद्यान्न संप्रभुता र प्राकृतिक संसाधनमाथि उनीहरुको न्यायिक अधिकार यो दशक कै बहस र आन्दोलनको विषय भएको छ। संसारभरका किसानहरु, सामाजिक न्यायका पक्षपातीहरु र अधिकारकर्मीहरु अधिकार प्राप्तिको आन्दोलनमा सक्रिय रहेका छन् । यसको उदाहरुणको रुपमा केहि महिना पहिले नेपालमा आयोजना गरिएको किसान मार्च, भूमि अधिकारबाट बञ्चितहरुको राष्टिय सम्मेलन र छिमेकी मुलुकहरुमा सम्पन्न किसानहरुको सम्मेलनहरुलाई लिन सकिन्छ ।

यसै सन्दर्भमा डिसेम्वर २००४ मा स्पेनको भेलेन्सीया शहरमा भव्य किसान अधिकार सम्मेलन भएको थियो । सम्मेलनमा गरिव देशहरुमा उत्पादनका साधनको स्वामित्व र नियन्त्रण केहि सम्भ्रान्त र शासन सत्ता वरपरका व्यक्तिहरुमा केन्द्रित भएको बारे व्यापक बहश भयो । सम्मेलनको नारा "भोकमरी विनाको संसार - भोकले विकासलाई रोक्छ र भोक असन्तुलित शक्तिको संकेत हो" भन्ने थियो । सम्मेलनमा एशिया, अफ्रिका, उत्तर तथा दक्षिण अमेरिका र युरोपका श्रमिक किसानहरु, महिला, आदीवासी, मानवअधिकारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, प्राज्ञिक व्यक्तिहरु गरी नेपाल लगायत ७० देश र ५ महादेशका ६०० भन्दा वढी सहभागीहरुले ३ दिनसम्म व्यापक छलफल र अन्तरकिया गरे । कार्यक्रमको शुरुमा किसानहरुले प्रर्दशन, र नारावाजी गरि सहभागी, आयोजक तथा संचारकर्मीहरुको ध्यानआकर्षण गरेका थिए । उनीहरुको भनाई थियो "हामी किसान हौं, हामी जमीनको स्याहर गर्दछौं, हामी पानीको श्रोत संरक्षण गर्दछौं, हामी जंगल जोगाउंदछौं, हामी वीउको हेरचाह गदछौ, हामी खाद्यान्न उत्पादन गर्दछौं र विश्वलाई हरियाली राख्दछौं । त्यसैले हामीलाई जमीनको स्वामित्व देउ । खास अर्थमा जमीन हाम्रो हो र यसमा हाम्रो अधिकार रहन्छ । "

छलफलको अन्त्यमा निकालिएको घोष्णापत्रमा गरिव देशहरुमा किसानमुखी भुमीसुधारको लागि राजनीतिक प्रतिवद्धताको कमी भएको उल्लेखछ । यसले श्रमिक नागरिकहरु भूमिहिन वन्ने मात्रा नाटकीय रुपले बढ्दैछ । कतिपय देशहरुले बहुराष्ट्रिय कम्पनीहरुलाई उद्योगधन्दा संचालन गर्न र अन्य व्यवसाय गर्न जमीन र प्राकृतिक सम्पतिको स्वामित्व दिनाले कृषियोग्य जमीन व्यापारिक लगानीको औजार बनेको छ । यस परिप्रेक्ष्यमा सम्मेलनले अगाडि जोड दिन्छः जमीनको स्वामित्व जोताहालाई दिईनुपर्दछ, जमीनको प्रयोगको निर्णय किसानलाई दिईनुपर्दछ न कि व्यापारिक



कम्पनीलाई । कृषि उत्पादन र जमीनको स्वामित्व आपसमा अन्तरनिहित छन् त्यसैले उत्पादन र लाभको उपयोगमा सामाजिक न्याय र समता कायम गरिनु आवश्यक हुन्छ । यसको लागि सरकार, गैरसरकारी संस्था र दाताहरुको विकास र गरिवी निवारणको प्राथमिक विषय वस्तुको रुपमा दलित, महिला, जोताह किसान आदी वर्गलाई जमीनको पहुंच र स्वामित्व सुनिश्चित गर्ने प्रतिवद्धता र पहलकदमी हुनु जरुरी हुन्छ ।

जमीनको अधिकार गरिव किसानको जीवनसंग गांसीएको हुंदा यसले ठूलो सामाजिक आन्दोलनको रुप धारण गरेको छ । यो आन्दोलनलाई समाजमा विद्यमान अन्यायपूर्ण सामाजिक, आर्थिक तथा राजनीतिक व्यवस्थाको कारण उत्पन्न द्वन्दको रुपमा लिन सकिन्छ । सययमा नै ध्यान पुर्याउन नसक्दा कतिपय देशमा यस्ता आन्दोलनहरुले हिंसात्मक स्वरुप धारण गरि जनधनको क्षती भएको समेत पाईन्छ । वर्तमान अवस्थामा भनिने गैर समावेशी परिपाटी, गरिव मुलुकहरुमा व्याप्त जातीय तथा लैङि.गक विभेदहरु जन्म र निरन्तरता कायम रहनुको मुख्य कारण जमीनको अन्यायपूर्ण स्वामित्व र प्राकृतिक श्रोत माथिको पहुंच र नियन्त्रण समतामुलुक नहुनु हो भन्ने कुरामा सवै महादेशका सहभागीहरुको एकमत थियो । उनीहरु सवैको एउटै आवाज थियो यसले हाम्रो खान पाउनुपर्ने, सुरक्षित वस्न पाउनु पर्ने, सामाजिक मर्यादा पाउनु पर्ने आधारभूत मानवअधिकारको हनन गरेको छ । यसको कारण धेरै व्यक्तिले वासस्थान परिवर्तन, वसाई सराई, नाकावन्दी, यातना, त्रास, वन्दी जीवन विताउनु पर्ने जस्ता अवस्थावाट गुज्रनु परेको छ । यसवाट अनुमान लगाउन सकिन्छ, विश्वमा कति मानिसहरुको जीवन कष्टकर र अधिकारविहिन छ ।

अहिले विश्वमा ग्रामीण विकास, खाद्यान्न उत्पादन र कृषि कार्यमा दुई किसिमको अभ्यासहरु चलनमा छन् । कृषि उत्पादनको निर्यात पहिलो र प्राथमिक तरीका हो जुन उदार स्वतन्त्र व्यापार, नीजिकरणमा आधारित छ । यसले जल, जमीन र जंगल लगायत वीउ, परम्परागत ज्ञान, वंशानुगत कुराहरुलाई एउटा व्यापारिक वस्तुको रुपमा ग्रहण गर्दछ । यो तरीकाले पूर्ण रुपमा नाफामुखीकुरालाई अगाडि बढाउन चाहन्छ, जसरी भएपनि उत्पादन वढाई निर्यात गर्नमा जोड दिन्छ । साथै यसले कृषि भूमि, उत्पादन र वितरण




प्रणाली व्यापारिक कम्पनीको स्वामित्वमा जानुपर्नेकुराको वकालत पनि गर्दछ । यस्ता कम्पनीहरुले उत्पादनको ठूलो हिस्सा फाल्ने र श्रमिकहरुलाई कम ज्याला दिने हुंदा किसानको उत्पादनको मूल्य घटिरहेको छ भने उपभोक्ता मूल्य बढ्दो छ । यसवाट ती कम्पनीहरुले ठूलो मुनाफा गर्दछन् । यसको विपरीत दोश्रो तरीका हो किसान र परिवारको खाद्यान्न संप्रभुता कायम राख्ने उत्पादन प्रणाली । यस अन्तर्गत किसानहरुले आफुलाई आवश्यक पर्ने, स्थानीय वजारमा खपत हुने, स्थानीय ज्ञान र प्रविधिमा आधारित भई उत्पादन गर्ने र उपभोग गर्ने गर्दछन् । यो तरीका बढी उत्पादनमुलक, वातावरणीय प्रभाव राम्रो हुने तथा स्थानीय उपभोक्ताहरुलाई गुणस्तरीय र उचित मूल्यमा स्थानीय तहमा उत्पादीत बस्तु उपलब्ध गराउंदछ । किसानहरुको समग्र हितलाई ध्यानमा राख्दा नव उदारमुखी व्यापारिक कृषि उत्पादन प्रणाली भन्दा किसान परिवारले आत्मनिर्भर भएर खाद्यान्न उत्पादन गर्ने तरीका उपयुक्त देखिन्छ ।

जमीन तथा प्राकृतिक संसाधनहरु संभ्रान्त परिवारको हातमा थुपरिएको छ । विश्वमा तीन अरवभन्दा बढी व्यक्तिहरु ग्रामीण क्षेत्रमा बसोवासगर्दछन् जो बढ्दो रुपमा जमीनको स्वामित्व वाट पाखा लाग्दैछन् र उनीहरुको जीविकोपार्जन संकटमा पर्दैगएको छ । तसर्थ विश्व सम्मेलनले खाद्यान्न उत्पादन, त्यसको विकि वितरण, उत्पादनको साधनको स्वामित्वको अधिकार महिला, आदीवासी तथा किसानहरुको हुनुपर्ने कुरामा जोड दिएको छ । सम्मेलनले यसलाई मानवअधिकारको विषयको रुपमा मान्दै मावनअधिकारको विश्वव्यापी घोषणापत्रको दफा २५ (जसले खाना, कपडा, घर, स्वास्थ्य उपचारको सुनिश्चित गर्न भन्दछ), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुवन्धको दफा २ र ११ (सामाजिक उत्पति वा सम्पतीको उपयोग, प्रकृतिक श्रोतको उपयोग, भोकवाट मुक्त हुने अधिकार), संयुक्त राष्ट्रसंघ चार्टरको दफा ५५ र ५६ बमोजिम खाद्यान्न अधिकार मानव अधिकारको रुपमा स्वीकार गर्दै प्राकृतिक श्रोत साधनमाथिको पहुंचलाई संरक्षण गर्न सरकार र सम्वन्धित सवैलाई आव्हान गरेको छ । सम्मेलनले जमीन सवैको साझा सम्पती हो भन्ने कुरालाई आत्मसात गर्दै बहुराष्ट्रिय कम्पनीहरु तथा अन्तराष्ट्रिय वित्तिय संस्थाहरुद्वारा प्रवर्द्धित बजारमुखी कृषि उत्पादन र भूमि व्यवस्थापनको नीतिलाई विरोध गर्न र गरिवी निवारण र मानव अधिकारको प्रत्याभूतिको लागि जमीनको स्वामित्व सहित कृषि पेशामा संसारका गरिव किसान, महिला, आदीवासी तथा पछाडि पारिएका श्रमिक किसान वर्गको नियन्त्रणको लागि सम्वन्धित सवैमा अपिल गरेको छ । सम्मेलनले संसारभर संचालन भईरहेको जमीन र अरु प्राकृतिक संसाधनमाथिको अधिकारको आन्दोलनलाई निरन्तर राख्न, कृषि प्रणाली र भूमि व्यवस्थामा न्यायिक सुधार गर्न, घरवास र खाद्यान्न व्यवस्था मिलाउने प्रक्रियामा संलग्न हुन र प्राकृतिक श्रोत साधन गरिवको हातमा रहने प्रक्रियाका प्रतिरक्षा गर्न प्रतिवद्धता व्यक्त गरेको छ । र संसारभरका अधिकारको आन्दोलनमा सक्रिय जोताहा किसानहरु, दलित, महिला, आदीवासी आदी लगायत अधिकारको अभियानमा सघाउने सवैलाई संगठीत भई दरिलो आन्दोलन संचालन गर्न आग्रह र ऐक्यवद्धता प्रकट गरेको छ ।

यो सम्मेलन एक ऐतिहासिक जमघट थियो । सम्मेलनमा विभिन्न देशका सरकार, दातृ निकायहरु र अन्तर्राष्ट्रिय कम्पनी तथा संस्थाहरुलाई प्रभाव पार्न सक्ने व्यक्तिहरुको उल्लेख्य सहभागीता थियो । यस्ता सम्मेलनलाई एक आपसमा जोड्दै लगेमा मात्र यस क्षेत्रमा सफलता पाउन सकिन्छ । सम्मेलनको निष्कर्षले सम्वन्धती पक्षको ध्यान अवश्यक पनि तान्नेछ भन्ने आशा गर्न सकिन्छ । ■■

# (श्री ५ को सरकारद्धारा २०६१ मंसीर १४ को राजपत्रमा प्रकाशित सूचना अनुसार)

**सरकारको नयाँ निर्णय**

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ दफा ७ को उपदफा १ (क) ले दिएको अधिकार प्रयोग गरि नेपाल अधिराज्यभरका स्ववासी (वर्षौदेखी जोतभोग र बसोबास गर्दै आएको) घर जग्गा दर्ता गर्न जिल्ला तहमा (सवै जिल्लामा) समिति गठन गरेको छ। काम सुरु गरेको मितिले ६ महिनासम्म यस्तो समितिले काम गर्नेछ। यस सम्बन्धि सूचना २०६१ साल मंसिर १४ गतेको राजपत्रमा प्रकाशित छ।

**समितिमा को को छन् ?**

समितिमा मालपोत कार्यालयका कार्यालय प्रमुख अध्यक्ष, जिल्ला विकास समितिको अधिकृत प्रतिनिधि १ जना, नापी शाखाका कार्यालय प्रमुख र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनीधी १ जना सदस्य रहने व्यवस्था गरिएको छ।

**काम, कर्तव्य र अधिकार के के छ ?**

(क) नापी टोली खटिएको समयमा घर जग्गा नापजाँच भई घरधनी तथा जग्गावालाको नामसम्म फिल्ड बुकमा लेखीसकेको, त्यस्तो घरघडेरी, करेसाबारी र घर जग्गाहरुको श्रेस्तामा नाम दर्ता हुन बाँकी भएका स्वबासीहरुको घर जग्गा दर्ता गर्ने व्यावस्था गरिएको छ। यस भित्र दर्ता छुट घर जग्गाहरु पदर्छन्। यो समितिले यो विषयसँग सम्वन्धित यसअघि परेका निवेदनहरुको पनि कार्यान्वयन गर्नु पर्नेछ।

(ख) घरधुरी कर तिरेको प्रमाण, विद्युतको महशुल तिरेको विल वा रसिद, खानेपानीको रसिद आदिलाई प्रमाण मानेको छ। यी प्रमाणहरुको आधारमा त्यस्तो घर जग्गा भोग गर्नेको नाममा दर्ता गर्नसक्ने व्यवस्था गरिएको छ।

(ग) जग्गा दर्ता सम्बन्धी निवेदन लिने, आवश्यक प्रमाण झिकाउने, सूचना प्रकाशन गर्ने, नगरपालिका र गाउँ विकास समितिको सिफारिश माग्ने, साँधसँधियार बुझ्ने कार्य समितिले गर्नेछ। समितिले गरेको कार्यको अभिलेख मालपोत कार्यालयमा राख्नुपर्नेछ। समितिको निर्णय अनुसार जग्गाधनी प्रमाण पूर्जा (श्रेस्ता) समितिको अध्यक्षले प्रमाणित गर्नेछ। कार्य सम्पादनपछि समितिको अध्यक्षले यस कार्यको प्रतिवेदन विभाग एवं मन्त्रालयमा बुझाउनु पर्नेछ।

**हक दावी कसरी गर्ने ?**

(क) घरधनी एवं जग्गावालाको नाम फिल्ड बुकमा लेखिसकेको तर श्रेस्तामा नाम दर्ता हुन बाँकी भएका स्वबासीहरुले घरजग्गा दर्ताको लागि यही व्योहरा खुल्ने गरी मालपोत कार्यालयमा निवेदन पेश गर्नु पर्दछ।

(ख) जोतभोग गरिरहेको घरजग्गाको उपलब्ध विभिन्न निस्सा, घरधुरीको कर तिरेको प्रमाण, विद्युत र खानेपानीको महशुल तिरेको विल वा रसिद आदिलाई प्रमाणको रुपमा पेश गर्नुपर्दछ। निवेदनको साथमा वडा मुचुल्का र गाउँ विकास समितिको सिफारिस पनि पेश गर्दा राम्रो हुन्छ।

(ग) यस विषयमा थप जानकारीको लागि आफ्नो गाउँ विकास समिति, मालपोत कार्यालय र भूमि अधिकारका लागि कार्यरत नजिकका संस्था र समूहसँग सम्पर्क गर्न सक्नु हुनेछ। सजिलोको लागि समितिले फारामहरु पनि वितरण गरेको हुनसक्छ।

(घ) निवेदन पेश गर्दा विवरण प्रष्टसँग लेखी, भएजति प्रमाण समावेश गरी पेश गर्नुपर्दछ। यसको लागि कुनै शुल्क लाग्दैन्। निवेदन पेश गर्दा संगठित रुपमा अगाडि बढ्दा सजिलो पर्छ।

गीत/गजल/कविता

## नबसौ अन्याय सहेर

किसान हो अन्याय अब सहेर
नबसौ यसरी कमजोर भएर
उठौं अब उठौं अधिकार लिन उठौं
जीवन तिम्ले बितायौ कुटो कोदालो बोकेर
जमिन्दारको खेती लगायौ रगत पसिना पोखेर
तैपनि कहिल्यै तिमीलाई पेटभरी खान पुग्दैन
सबैको प्राण जोगाउने किसान हामी दाजुभाई
दुःख र पीरले चारैतिर थिचिरहेछ हामीलाई
लौ आज एउटा प्रण गरौ (न्यायको लागि लड्ने छौं)
किसान हो …………

**– दियालो परिवार, बाँके**

## खोजी मुक्तिको

आमाको प्यारो काखलाई छोडी जादैछु विदेश
नदीनाला पहाड सबै छाडी जादैछु विदेश
पेटभरी खान पाउँदैनौं हामी जमिन जोतेर
भूमिको मालिक शोषकको जालो है च्यातेर।
कसरी खानु थापेर मानो सामन्त पेवामा
जीवन वित्यो कमैया बसी जिम्दारको सेवामा
कतिञ्जेल बसौं छहारी मुनी सुकुम्बासी भएर
खोलाको बगर माथि छ बस्नु अन्याय सहेर
हली, मोही हरुवा, चरुवा भूमिहीन साथी हो
मुक्तिको लागि अधिकार खोजी जाग्दैछ ताती यो

**– पूर्णप्रसाद अधिकारी, बाँके**

## जे-जे गर्ने गरे हुन्छ

जोत्नेमाथि अन्याय गर्ने सबै पापी मरे हुन्छ
अधिकार दिईदैंन भने लड्न अघि सरे हुन्छ,
शोषण गरी जग्गा जोडी जमिन्दार बन्नेहरु
ती सबै अपराधी हुन् कार्वाही गरे हुन्छ
पीडितहरु एकजुट भई अधिकारको कुरा गर्दै
शोषकी र अपराधीको खुलेर विरोध गरे हुन्छ।
जोत्नेमाथि अन्याय गरी जमिन्दार पोस्ने कानून
ती सबै काम छैन आगो लगाई डढाए हुन्छ,
अधिकार माग्दा यिनीहरुले आनाकानी गरेभने
उनीहरुलाई दिने कूतबाली बुझाउन छाडे हुन्छ
जोती र'को जग्गा खोस्न कोही अघि बढेभने
उसले बाँच्ने मन गरेन जे-जे गर्ने गरे हुन्छ।

**– जयबहादुर श्रेष्ठ, सिन्धुपाल्चोक**

# अब हामी अधिकार लिएर मात्र मर्छौं : बलदेव राम



**होचो कद, दुब्लो शरीर । ५२ वर्ष पार गर्नुभएका बलदेव राम पूर्वी तराईको दलित आन्दोलनका एक अग्रणी हस्ती हुनुहुन्छ । अब यतिले मात्रै उहााको परिचय पुग्दैन् । सप्तरी–मधुपट्टीका बलदेवलाई पुस ४ देखि ६ गतेसम्म आयोजित देशभरीका भूमिहीन समुदायका प्रतिनिधि संगठनका सदस्यहरुको सम्मेलनले नवगठित 'राष्ट्रिय भूमिअधिकार मञ्च'को अध्यक्षको जिम्मेवारी दिएको छ ।**

चर्चित चमार बहिष्कारविरुद्धको आन्दोलनपछि दलित आन्दोलनमा स्थापित बनेका राम तराई दलितआन्दोलनका कुशल संगठक पनि हुनुहुन्छ । उहाँसहितकै सक्रियतामा गत कार्तिकमा 'भूमि, नागरिकता र आरक्षण'को माग गर्दै राजविराजमा विशाल जनप्रदर्शन र अनसन सम्पन्न भएको थियो । औपचारिक शिक्षा सामान्य भएपनि संघर्ष र सामाजिक अन्तर्विरोधले बलदेवलाई परिपक्क बनाएको छ । हामीसँगको भेटघाटमा उहाँले दलित र भूमिहीनहरुको समस्या मात्र उठाउनुभएन, समाधानको बाटो पनि प्रस्तुत गर्नुभयो ।

हामी सबै नेपाली नेपाल आमाका सन्तान हौ । तर सामन्ती संस्कारका केही दाजुभाइहरुले वर्षौदेखि हामी धेरै गरिबहरुमाथि शोषण, अन्याय, अत्याचार गरिरहेका छन् । अब हामी सबै पीडित दलित, भूमिहीनहरु हामीमाथि शोषण गर्नेका विरुद्ध लड्नेछौं । नलडिकन अधिकार पाइदैन भन्ने हामीले बुझेका छौ । त्यसैको निम्ति हामी अहिले एकीकृत भएका छौ । अब हामी काधँमा काधँ र हातमा हात मिलाएर अगाडि बढ्नेछौं । हामी भूमिमा काम गर्ने मान्छे, भूमिमाथि हाम्रो पनि अधिकार हुनुपर्छ । अब यी मुट्ठीभर व्यक्तिहरुले हामीलाई छेक्न सक्दैनन् । मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्मका हामी भूमिहीनहरु एक भएका छौ । मुट्ठीभर सामन्तहरुले आफ्नो स्वार्थ मात्र हेरे, उनीहरुले हामीलाई ठग्ने व्यवस्था बनाए, हाम्रो अधिकार खोसे, अब हामी जसरी भएपनि आफ्नो अधिकार लिइछाड्छौ ।

धर्म, संस्कृति र बुद्धिको आडमा देशका शासकहरुले हामीमाथि युगौदेखि शोषण, अन्याय, अत्याचार गर्दैआएका छन् । हामीलाई ठग्ने नीति, नियमहरु बनाएका छन् । तँ तल बस, म माथि बस्छु, तैले मेरो निम्ति काम गर्नुपछ भन्छन् उनीहरु । गाउँ-गाउँमा विद्यालयहरु खुले तर हाम्रा छोराछोरीले पढ्न पाएनन्, खानै नभएपछि, भोको पेटले कसरी पढ्ने ? राज्यको सुखसुविधा हाम्रो भागमा कहिल्यै परेन । उनीहरु मुखले एकथोक बोल्छन्, व्यवहार र भावना अर्कै देखाउँछन् । शोषक, सामन्तबाट हामीले कति पीडा भोगेका छौ, त्यसको कुनै लेखाजोखा छैन । पीडा भोगेकाले मात्र पीडाको मर्म बुझ्छ, पीडकले बुझ्दैन । अघाएकाहरुबाट हाम्रो हित हुँदैन । हामी राज्यको तल्लो तहदेखि माथिल्लो तहसम्म हाम्रो पहुँच कायम गर्न चाहन्छौ । हामी राज्यको नीतिनिर्माणको तहमा पनि पुग्न पाउउनुपर्छ । अघाएकाहरुबाट बनेको नीतिलाई अब हामी मान्दैनौ, उनीहरुले हाम्रो हितमा नीति निर्माण गर्दैनन् । हामी जुगौदेखि अवसरबाट वञ्चित छौ । अब हामीले अवसर पाउनुपर्छ भन्ने हाम्रो माग हो ।

सरकार मुखले एकथोक बोल्छ, व्यवहार अर्कै गर्छ । २०२० सालको मुलुकी ऐनले कसैप्रति भेदभाव, छुवाछुत नगरिने भनेको छ । तर त्यो कहिल्यै व्यवहारमा

कार्यान्वयन भएन । 'जग्गामा जसले काम गर्छ, त्यसकै हातमा जग्गा हुनुपर्छ । कृषक नै जग्गाको मालिक भयो भने कृषि उत्पादन बढ्छ । तराईका भूमिहीन दलितहरु दिनभरि अर्काको काममा खट्छन् तर साँझ छाक टार्न र बालबच्चा पाल्न उनीहरुलाई गाह्रो पर्छ । एउटा झुप्रो हाल्ने करेसाबारी समेत छैन । दलितहरु भूमिहीन, गरिबीले मात्र होइन, छुवाछुत र भेदभावले पनि आक्रान्त छन् । गाउँका धनीमानी, पूँजीपति, ठूला जाति दलितहरुलाई तँ कामी पर बस्, तँ मुसहर पर बस्, पासवान, चमारहरु हामीलाई नछोऊ भन्छन् । सरकारले पनि उनीहरुकै पक्षमा काम गर्छ । मुख्य कुरो, आफ्नो भूमि नभएकै कारण हामी यस्तो छुवाछुत र भेदभावको शिकार भएका हौं । सर्वप्रथम मान्छेलाई बाँच्नको लागि भूमि चाहिन्छ । हाम्रो पेटपाल्नको लागि हामीलाई भूमि चाहिन्छ । मानिस चरा होइन, रुखमा गएर बसोस् । मानिसलाई घर बनाउन, खेती उब्जाउन भूमि चाहिन्छ । एउटा सानो घर बनाएर आफ्ना जहान, बालबच्चाहरुसँग सँगै बस्न पनि हामीलाई सामन्त दलालहरुले दिएका छैनन् । आफुलाई मन परेन भने यो मेरो जग्गा हो, यहाँबाट घर हटा भनेर सामन्तले जतिबेला पनि घर भत्काइदिन्छ । भर्खरैको घटना हो, सार्वजनिक पोखरीको उपभोग गर्न पाउनुपर्ने, पोखरीको माछामा समान अधिकार हुनुपर्ने कुरा उठाएका कारण सप्तरीको सम्पुरा गाविसका ६० घर मुसहरहरुको घर तोडफोड गरेर वियोगमा पारेका छन् सामन्तहरुले । तीनवटा घरमा आगोसमेत लगाइदिएका छन् । भूमिहीनहरुले कहिलेसम्म यो दुःख सहने ? एकदिन मर्नैछ, अब हामी अधिकार लिएर मात्र मर्छौं । यही अवस्था रहिरहने हो भने हामीले आफ्ना बालबच्चालाई शिक्षा दिक्षा दिन सक्दैनौ, राम्रो खान-लाउन दिन सक्दैनौ अनि कसरी हाम्रो समुदाय अगाडि बढ्छ ?

राज्यले जीवन निर्वाह गर्नको निम्ति सबैलाई भूमि दिनुपर्छ । गाउँमा पाँचसय परिवार बसेको जग्गाको मालिक एउटा हुन्छ, जो काठ्माडौमा बस्छ । उसले काठ्माडौमा बसेर भूमिहीनहरुमाथि शासन गर्छ । काठ्माडौमा मात्र होइन, प्रत्येक शहरमा उसको एउटा घर हुन्छ । सामन्तहरुलाई त्यस्तो चैन छ, तर हामीलाई एउटा झुपडी बनाउने ठाउँसम्म छैन । यो भन्दा ठूलो अत्याचार अरु के हुनसक्छ ? हामी पनि यो देशका नागरिक हौ, हामीले पनि भूमिमा अधिकार पाउनुपर्छ भनेरै हामीले संघर्षको बाटो रोजेका हौ । प्राकृतिक स्रोत, साधन सबैको साझा हो । साझा सम्पत्तिमा सबैको साझा हक हुनुपर्छ । जसरी हावा, पानी सबैको साझा सम्पत्ति हो, त्यस्तै पृथ्वी पनि सबैको साझा सम्पत्ति हो । मुट्ठीभर सामन्तहरुले धेरै जमिनमा कब्जा जमाउने प्रथाको अन्त्य हुनुपर्छ । यो देशमा जन्मिएका सबै सन्तानले बराबरी जमिन पाउनुपर्छ, त्यसले मात्रै सुखशान्ति, स्थापना हुन्छ ।

***अब यी मुट्ठीभर व्यक्तिहरुले हामीलाई छेक्न सक्दैनन् । मेचीदेखि महाकाली र हिमालदेखि तराईसम्मका हामी भूमिहीनहरू एक भएका छौं । मुट्ठीभर सामन्तहरूले आफ्नो स्वार्थ मात्र हेरे, उनीहरूले हामीलाई ठग्ने व्यवस्था बनाए, हाम्रो अधिकार खोसे, अब हामी जसरी भएपनि आफ्नो अधिकार लिइछाड्छौं ।***

राजनीतिक दलहरुले मीठोमीठो घोषणापत्र बनाए, भूमिहीन गरिबहरुको मतले सत्तामा पुगे, तर उनीहरुले आफ्नो स्वार्थमात्र हेरे, हाम्रो हितमा ठोस केही गरेनन् । अझै पनि हामी पार्टीहरुले भूमिहीनहरुको निम्ति ठोस कार्यक्रम ल्याउनुपर्छ भनिरहेका छौं । तर अब हामी पार्टीहरुको भरमा मात्र पर्दैनौ, आफ्नो अधिकारको निम्ति हामी आफैं अगाडि बढ्ने पक्षमा छौं । एमालेले सर्वहारावर्गको नेतृत्व गर्छु भन्थ्यो, घोषणापत्र राम्रो लाग्यो, काँग्रेस र सद्भावना सबैले गरिबी निवारण गर्ने भने, तर उनीहरुले सरकारमा पुगेर गरिब, दलित, भूमिहीनहरुको निम्ति केही गरेनन् । पञ्चायती व्यवस्थामा बरु मोहियानी हक थियो, त्यतिबेला मोहीलाई निष्काशन गर्नेहरु घटुवामा पर्थे, तर १२ वर्षको अवधिमा जसले मोही निष्काशन गरे, ती बढुवामा परे । यो कस्तो प्रकारको प्रजातन्त्र हो ?




भूमिमा अधिकार स्थापित हुनुपर्छ भनेर अब क्रमशः भूमिहीनहरु सचेत हुँदैछन् । उनीहरुमाथि सामन्तहरुले थोपरिदिएको व्यथाले नै उनीहरुलाई सचेत हुन मद्दत गरेको छ । अब हामी नेपालका चारैतिरका भूमिहीनहरु एकीकृत भएर आन्दोलनमा उत्रेका छौं । **अब हामी भूमिहीनहरुको तथ्यांक संकलन**

**गर्नपट्टि लाग्छौ ।** सिरहा, सप्तरीमा हामीले दलित जनचेतना संगम नामक संगठन गठन गरेर भूमिहीनहरुको तथ्यांक संकलन गरिसकेका छौ । भूमिहीनहरुको देशव्यापी संगठन निर्माण गर्छौं । भूमिहीनहरुको मात्र होइन, राज्यबाट दबाइएका, पछि पारिएका, अवसरबाट वञ्चित गरिएका सबै जातजातिहरु हाम्रो आन्दोलनमा सामेल हुने आशा हामीले लिएका छौ । हाम्रो आन्दोलनलाई राज्यले कसरी हेरेको छ, अहिलेसम्म हामीले कुनै जानकारी पाएका छैनौ । अब हामी सत्ताका संचालकहरुको कानसम्म हाम्रो आवाजलाई पुऱ्याउँछौ । आफूले खनजोत गरेको जमिनमा अधिकार स्थापना गर्नका लागि जिल्लामा धेरैले निवेदन दिएका छन् । माथिबाट जग्गाको दिनु भन्ने उर्दी जारी गऱ्यो, झापासम्मकाले निवेदन दिएका छन्, तर केही भएन ।

सबैले समान अधिकार पाए देशमा झै-झगडा हुँदैन । तर हाम्रो देशका संचालनहरुले कहिल्यै यो कुरालाई गम्भीरतापूर्वक लिएनन् । भूमिहीन भएपछि उसले कहिल्यै कुनै प्रगती गर्न सक्दैन । उपचार गर्न पैसा हुँदैन, स्वास्थ्य शिक्षा हुँदैन, पेटभरि खान पाउँदैन अनि कसरी प्रगती हुन्छ ? हाम्रै झुपडीको माथिबाट बिजुलीको तार गएको छ, पूँजीपतिको घर झलमल हुन्छ, तर हाम्रो झुपडीमा सधैं अँध्यारो छ । यथार्थ यस्तो छ ।

हामी पहिला एक्लाएक्लै थियौ, सामन्तले हामीले हेप्दथ्यो, तर हामी अब जुटेका छौं । अब सामन्त हामीदेखि हच्किने छ । अब सामन्तले बुझ्नुपर्छ-उनीहरुले हामीमाथि शोषण कायम राख्छन्, हामीलाई मार्छन् भने अब हामी पनि उनीहरुलाई चैनसँग बाँच्न दिने छैनौं । हाम्रा यो एकतादेखि सामन्तीहरु डराएका छन् ।

तराईका भूमिहीनहरुलाई सामन्तहरुले विभिन्न ढंगबाट शोषण गर्छन् । एक त कमाएको जग्गामा मोही लाग्न दिदैनन् । विभिन्न षड्यन्त्र गरेर मोहीको प्रमाणबाट वञ्चित गराए । यसमा सरकारको पनि जमिनदारसँग मिलेमतो रह्यो । द्वैध स्वामित्वको अन्त्य गर्ने भन्दै सरकारले जमिनदारको पक्षमा काम गऱ्यो । सुकुम्बासी आयोगले जसको १०/१२ विगाहा जग्गा छ, त्यसैलाई दुई/तीन विगाहाको प्रमाणपुर्जा दिएको छ, तर वास्तविक सुकुम्बासीलाई कुनै पनि प्रमाणपुर्जा दिएको छैन ।

हामी भन्छौ-अब सामन्तहरुले गरिब दलितहरुलाई शोषण गर्ने पुरानो बानी बिर्सनुपर्छ । राजनीतिक दलहरुप्रति हामी सहानुभूति र समर्थन छ, तर उनीहरुले पनि हाम्रो पीडा बुझ्नुपर्छ । म भूमिअधिकारको अभियानको कार्यक्रममा जहाँ-जहाँ गए, सबैतिर भूमिहीनहरुको समस्या एकैखालको छ । कैलालीमा पनि उस्तैछ, सिरहा र तेह्रथुममा पनि उस्तैछ, भूमिहीनहरुको समस्या । सामन्तहरुको शोषणबाट जब दलित उठ्न खोज्छ, सामन्तले अझ दबाउँछ एक्लै भएमा ।

---

***अब हामी सर्वप्रथम बैठक बस्छौ र एउटा विधान बनाउँछौ, विधानअनुसार हामी गाउँदेखि केन्द्रसम्म संगठन निर्माण गर्छौं । अनि भूमिअधिकारको लागि देशव्यापी आन्दोलन थाल्छौ, त्यो आन्दोलन थेग्न सामन्तहरुलाई मुश्किल पर्नेछ ।***

---

तर अब हामी फुटेर होइन, जुटेर अगाडि बढ्न तयार भएका छौ । अब पनि सामन्तहरुले हामीलाई लदाउन छोड्दैनन् भने हामी सबै मिलेर उनीहरुलाई कार्वाही गर्नेछौ । **राज्यले सामन्तको पक्ष लिएको छ, अब राज्यले त्यो नीति बदल्नुपर्छ ।** जमिनदार र राज्यले मिलेर हामीमाथि शोषण गरेको छ ।

राज्यले प्रत्येक भूमिहीन सुकुम्बासी परिवारलाई प्रतिपरिवार घरघडेरीका लागि कम्तीमा पाँच कट्ठा र खेती किसानी गरेर जीवननिर्वाह गर्नका लागि कम्तीमा एक विगाहा जमिन दिनुपर्छ भन्ने हाम्रो माग हो । यो देशको राजाले पनि हाम्रो समस्यामा ध्यान दिएका छैनन् । हामीले राज्यबाट कुनै पनि सुखसुविधा पाउँदैनौ भने राजा किन चाहियो ? हामीले बाँच्न नसक्ने अवस्थाको सिर्जना गरेर राजाले कहाँ राज गर्ने ? के राजा आफैले हलो, कोदालो गरेर खेतमा काम गर्छन् ?

यो देशमा शासन, गरिरहेका राजाले र राजनीतिक दलहरुले हाम्रो समस्या बुझेका भए, भूमिहीन गरिबहरुको प्रगतिको पक्षमा उनीहरुले चिन्तनमनन गरेका भए, निश्चित रुपमा आज हामी सुकुम्बासी, दलित, पीडित, हलिया, कमैया हुने थिएनौं । राज्यले हामीलाई गरेको अवहेलनाकै कारणले हामीले यो पीडा झेल्नु परिरहेको छ । यो राज्यसंचालनमा मुट्ठीभर सामन्तहरुको मात्र पहुँच स्थापित हुँदा भएको हो । गरिब, भूमिहीनहरुका अधिकार स्थापित गर्न अहिलेको संवैधानिक संरचना नै फेर्नुपर्छ । त्यसको निम्ति नयाँ संविधान बन्नुपर्छ भन्ने हाम्रो ठहर हो । हामी जनताको पक्षमा काम गर्ने राजनीतिक दलहरुको सम्मान गर्दछौ । आन्दोलनलाई अगाडि बढाउन हामीले राजनीतिक दलहरुसँग पनि सहयोग र सल्लाह लिइरहेका छौं । हामी गरिब, दलित, भूमिहीनहरु राजनीतिक दलहरुलाई मित्र मान्छौ, तर उनीहरुले हाम्रो हितको निम्ति पनि काम गर्नुपर्छ ।

२००७ सालमा प्रजातन्त्र आयो । त्यसपछि अहिलेसम्म नेपालमा धेरै संविधान बने, तर ती कुनै पनि संविधान निर्माणमा हामी दलित गरिबहरुको पहुँच भएन, ०४६ सालको जनआन्दोलनमा हामी गरिब दलितले पनि संघर्ष गऱ्यौ । तर संविधान केही टाठाबाठाहरुले मात्र बनाए । संविधान निर्माण गर्दा हाम्रो पनि सल्लाह, सुझाव र सहभागिता हुनुपर्छ । त्यो हुनसक्यो भने मात्र संविधानमा हाम्रो आवाज पनि समेटिन्छ । हामीले भूमिमा अधिकार पाउने कुराको ग्यारेन्टी हुनसक्छ ।

अब हामी सर्वप्रथम बैठक बस्छौ र एउटा विधान बनाउँछौ, विधानअनुसार हामी गाउँदेखि केन्द्रसम्म संगठन निर्माण गर्छौं । अनि भूमिअधिकारको लागि देशव्यापी आन्दोलन थाल्छौ, त्यो आन्दोलन थेग्न सामन्तहरुलाई मुश्किल पर्नेछ । ■■

*(दामोदर तिमल्सिनाले गरेको कुराकानीको आधारमा)*




# भूमि अधिकारबाट वञ्चितहरुको

# राष्ट्रिय सम्मेलन

पुस ४ देखि ६ सम्म काठमाडौंमा भूमि अधिकारबाट वञ्चितहरुको पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनमा भूमि अधिकारबाट वञ्चित ३७ जिल्लाका हलिया, कमैया, मोही, सुकुम्बासी, हरुवा, चरुवाहरुको सहभागिता थियो । प्रतिनिधिका हिसाबले ६६ महिला र १७९ पुरुष गरी २४५ जनाको सहभागिता रहेको थियो । जसमा ६० दलित, जनजाती र अन्य १७५ थिए ।

सम्मेलनले भूमिमाथि जोत्नेको सार्वभौम अधिकार स्थापित हुनुपर्ने, भूमिमाथिको समान पहुँच र उपभोग सबैको आधारभूत मानवधिकार भएको र भूमि जीविकोपार्जनको प्रमुख आधार भएकाले यसमा जोताहाको अधिकार ग्यारेण्टी गर्न १५ बुँदे घोषणापत्र जारी गरेको छ । साथै भूमि अधिकार आन्दोलनलाई नेतृत्वदायी भूमिका निर्वाह गर्दै संगठीत बनाउन १५ सदस्यीय भूमिअधिकार राष्ट्रिय मञ्चको समेत गठन गरिएको छ ।




पुस ४ गते ललितपुरको प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा भूमि अधिकारमा क्रियाशिल व्यक्तित्व तथा अधिकारका लागि संघर्षरत पीडित व्यक्तिहरुको सामूहिक उद्घाटनबाट सम्मेलन शुरु भएको थियो । उद्घाटन समारोहमा नेपाली काँग्रेस (प्रजातान्त्रिक) का डा. मिनेन्द्र रिजाल, नेकपा एमालेका केन्द्रिय सदस्य केशव बडाल, नेपाल सद्भावना पार्टी (आनन्ददेवी) की सरिता गिरी, ने.क.पा.(एकता केन्द्र मसाल) का स्वनाम, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका प्रवक्ता मानकुमार श्रेष्ठ र पीडितहरु मोती थारु, सोमप्रसाद भण्डारी, बलदेव राम, डम्बर टमटा, विमला लामा लगायतले शुभकामना

मन्तव्य राख्नुभएको थियो ।

शुभकामना मन्तव्यको क्रममा नेपाली काग्रेस (प्रजातान्त्रिक) का डा.मिनेन्द्र रिजालले भूमिअधिकार अभियान धेरै नेपालीको भावनात्मक सम्बन्धको मुद्दा भएको र सदियौंदेखि नेपालमा रहेका विभेदहरु भूमिसँग जोडिएको बताउनुभयो । विगतमा गरिएका प्रयासलाई कार्यान्वयन गर्न सकिएको भए भूमि समस्या यति जटिल हुने थिएन भन्दै उहाँले समस्या समाधानका लागि आफ्नो पार्टीका तर्फबाट सहयोग हुने बताउनुभयो ।

त्यस्तै भूमिसमस्या कानुनी तथा राजनीतिक व्यवस्थासँग सम्बन्धित भएकाले मुलुकको राजनीतिक परिस्थिति विश्लेषण गरी राजनीतिक पार्टीहरुलाई पनि यो मुद्धामा सामेल गराउनुपर्ने विचार राख्दै नेपाल सद्भावना पार्टी (आनन्ददेवी) की नेतृ सरिता गिरीले भूमिअधिकार प्राप्तिको मात्र नभई उत्पादन बृद्धिको पनि अभियान र कार्यक्रम सञ्चालन गरिनुपर्ने बताउनुभयो ।

राजनीतिक पार्टी, राष्ट्र प्रमुख तथा मन्त्रीमण्डलले प्रत्यक्ष पीडित जनतामाथि राजनीति गरी खेल खेलिरहेकाले देशमा समस्या दिनानुदिन बढ्दैगएको र समस्या बढ्दै जानुमा भूमिको समानुपातिक वितरण हुन नसक्नु प्रमुख कारण भएको मन्तव्य राख्दै ने.क.पा. (एकता केन्द्र-मसाल) का प्रवक्ता स्वनामले यो सम्मेलनले इतिहासको एउटा अर्को क्रान्तीको फड्को मार्न खोजिरहेको संकेत दिएको बताउनुभयो । साथै उहाँले यो अभियानमा आफ्नो र पार्टीको तर्फबाट पुरा समर्थन र सहयोग रहिरहने बताउनु भयो ।



नेकपा एमालेका केन्द्रिय सदस्य एवं भूमिअधिकार राष्ट्रिय सरोकार समूहका सल्लाहकार केशव बडालले भूमि पीडितहरुको यो पीडालाई सरकारले नजिकबाट बुझि यथाशीघ्र समाधान गर्नुपर्ने विचार राख्नुभयो । 'पीडितको यो सशक्तिकरण, एकता र चेतनास्तरमा भएको विकास बहुदल आएयताको महत्वपूर्ण सम्पत्ती हो, सबै निकायबाट यसको सही सदुपयोग गर्नुपर्छ ।' उहाँको विचार थियो । भूमिसुधार तथा व्यवस्था मन्त्रालयका प्रवक्ता मानकुमार श्रेष्ठले सम्मेलनले सरकारलाई आगामी रणनीति बनाउन सहज हुनेखालका सुझाव दिनुपर्ने बताउनुभयो ।

भूमि अधिकारबाट वञ्चितहरुका प्रतिनीधिहरु बलदेव राम, सोमप्रसाद भण्डारी, मोती थारु, डम्बर टमटा र विमला लामाको समान धारणा थियो- 'जमिन्दारमुखी भूमि ऐन खारेज गरी नयाँ जनमुखी ऐन निर्माण गर्न जोडदार माग गर्दछौं ।' उहाँहरुले जोताहाको हक ग्यारेण्टी गर्न, बाँझो रहेको जग्गा सुकुम्बासीलाई दिन, हलिया तथा कमैया प्रथा अन्त्य गर्न सरकारसँग माग गर्नुभएको थियो । त्यसक्रममा मुक्त कमैया मोती थारुले मुक्त कमैयालाई लालपूर्जा मात्र दिएर हुदैन, खेतीयोग्य जग्गा दिनुपर्छ भन्नुभयो । मुक्त कमैयाहरु आधारभुत सेवाबाट वञ्चित रहेकोले सो को ग्यारेण्टी सरकारले गर्नुपर्ने, छुट मुक्त कमैयालाई परिचय पत्र वितरण गरिनुपर्ने, निर्णय प्रक्रियामा मुक्त कमैयालाई पनि सहभागी गराउनुपर्ने माग उहाँको थियो ।

हलिया डम्बर टमटाले हलिया कस्ता छन्, कहाँ छन् र कति छन् ? भन्ने कुराको सरकारसँग कुनै रेकर्ड नभएकोले हलियाको वास्तविक अवस्था पत्ता लगाई भूमिअधिकारको ग्यारेण्टी गरिनुपर्ने



बताउनुभयो ।

'एकैदेशका सन्तान भएर पनि यहाँ कसैको अथाह जमिन छ, कोही सुकुम्बासी भएर बाँच्नका लागि तडपीरहेका छन् । यो अवस्था कसले सिर्जना गऱ्यो ?' भन्ने प्रश्न गर्दै पीडित बलदेव रामले भूमि प्राकृतिक श्रोत भएकोले काम नगर्नेलाई भूमि ओगट्ने अधिकार छैन भन्नुभयो । वास्तविक जोताहालाई विना झन्झट भूमि वितरण गरिनुपर्छ' उहाँले भन्नुभयो । भूमिसम्बन्धि विद्यमान नीति र ऐनहरु वास्तविक जोताहाको पक्षमा नभई जमिन्दार नै पोस्ने खालको भएकोले यसलाई यथाशीघ्र खारेज गरी नयाँ जनमुखी ऐन निर्माण गर्नुपर्ने कुरामा अधिवक्ता सोमप्रसाद भण्डारीले जोड दिनुभएको थियो ।



अधिराज्यभरका पीडितहरु एकैपटक पहिलोचोटी राजधानीमा जमघट भएर भएको यो ऐतिहासिक सम्मेलनलाई दियालो परिवार बाँकेले प्रस्तुत गरेका जागरण गीतले थप उर्जा दिएको थियो । सम्मेलनको बीच-बीचमा गुञ्जने नारा र गीतहरुले प्रत्यक्ष पीडितहरुको पीडा व्यक्त गरिरहेको थियो । सम्मेलनमा दलित, महिला, जनजाती सबैको उल्लेख्य सहभागिता थियो । उद्घाटन समारोहको समापन गर्दै भूमिअधिकार राष्ट्रिय सरोकार समूहका अध्यक्ष सरेश नेपालले भूमिअधिकारबाट वञ्चित गराउने व्यवस्था वर्तमान संविधानमा गरिएकोले यसलाई खारेज गरी जनमुखी संविधान निर्माण गर्नुपर्ने कुराहरुलाई जोड दिनुभएको थियो ।

उद्घाटन समारोह समापनपछि विभिन्न आठवटा सवालमा सामूहिक छलफल कार्यशाला गोष्ठी भएको थियो । कार्यशालामा सवालको अडान र समाधानका उपाय निश्कर्षको रुपमा निकालिएको थियो । त्यसैगरी दोस्रो दिन वनकाली हल गौशालामा सम्मेलनको बन्द सत्र सम्पन्न गरिएको थियो । सम्मेलनमा जनसंगठनबारे छलफल गर्नुका साथै नेपाली कांग्रेस (प्रजातान्त्रिक) को कार्यालयमा जाने कार्य भयो ।

सम्मेलनको तेस्रो दिन भूमि अधिकारबाट वञ्चितहरुको जनसंगठन निर्माण सम्पन्न भयो । जसबाट बलदेव रामको संयोजकत्वमा १३ सदस्यीय राष्ट्रिय भूमिअधिकार मञ्च गठन भएको छ । चुरेक्षेत्र, गुठी, चेपाङ, उखडा, हलिया, कमैया, मोही र सुकुम्बासीका प्रतिनिधीहरु सहभागी रहने गरी सो राष्ट्रिय संगठन निर्माण गरिएको थियो । सोही दिनको १२ बजेदेखि गौशाला बनकालीबाट विभिन्न नारा, ब्यानर सहित निस्किएको जुलुस बत्तीसपुतली, डिल्लीबजार, रत्नपार्क हुँदै भृकुटीमण्डपको राष्ट्रिय सभागृहमा पुगेको थियो । सभागृहमा सोही दिन पत्रकार सम्मेलन तथा घोषणासभा भएको थियो । ■■

## राष्ट्रिय भूमि अधिकार मंचका पदाधिकारीहरु



| | | | |
|---|---|---|---|
| १. | संयोजक | - | बलदेव राम, सप्तरी |
| २. | सदस्य | - | लक्ष्मण चौधरी, सुनसरी |
| ३. | ,, | - | रासलाल राम, सिराहा |
| ४. | ,, | - | डम्बर टमटा, डडेल्धुरा |
| ५. | ,, | - | दिपबहादुर कार्की, महोत्तरी |
| ६. | ,, | - | सोमप्रसाद भण्डारी, सिन्धुपाल्चोक |
| ७. | ,, | - | पहलमान चेपाङ, चितवन |
| ८. | ,, | - | दुखा मल्लाहिन, कपिलबस्तु |
| ९. | ,, | - | रामबचन चौधरी, कैलाली |
| १०. | ,, | - | पूर्ण अधिकारी, झापा |
| ११. | ,, | - | दिपक राई, काठमाडौ |
| १२. | ,, | - | सविता कोइराला, काठमाडौ |
| १३. | ,, | - | सीता लामा, काठमाडौ |

# भूमि अधिकारसम्बन्धी
# काठमाडौं घोषणा-पत्र

***"हरुवा, चरुवा, हलि, कमैया, मोही, सुकुम्वासी संगठित होउँ, आफ्नो हक पाउनको लागि आफ्नै अभियान सशक्त तुल्याउँ "*** भन्ने मूल उदघोषकासाथ हामी ३७ जिल्लाका हलिया, कमैया, सुकुम्वासी, मोही, उखडा पीडित किसान, अव्यवस्थित तथा असुरक्षित बसोवासी एवं आदिवासी, भेला भई राष्ट्रिय सम्मेलन सफलताकासाथ सम्पन्न गर्‍यौं। वि.सं. २०६१ साल पुस ४-६ गतेसम्म देशभरिका दुईसय अठसट्ठीजना प्रतिनिधी, पर्यवेक्षक तथा भूमि अधिकार अभियानका सरोकारवाला संघसंस्था एवं सहयोगीहरुको काठमाडौंमा सम्पन्न प्रथम राष्ट्रिय सम्मेलनबाट निम्नबमोजिम काठमाडौं घोषणापत्र जारी गर्न सहमत भएका छौं।

**प्रस्तावना**

- भूमिमाथि जोत्नेको सार्वभौम अधिकार, समान पहुँच र उपभोग सबैका आधारभूत मानवअधिकार भएकाले,
- प्राकृतिक स्रोत र साधनहरु सम्पूर्ण सृष्टि, जीवन र जगतको साझा सम्पत्ति भएकाले,
- भूमि सबैंको जनजीविकाको प्रमुख आधार भएकाले,
- भूमि, समाज र संस्कृति एक आपसमा अन्तरसम्वन्धित भएकाले,
- भूमिमाथि हुने अनुचित हस्तक्षेप र नाफाखोर प्रवृत्तिले झन्झन् गरिबी, द्वन्द्व र अन्यायलाई बढावा दिने भएकाले,

**यसो गरिनुपर्दछ,**

१ जमिन्दारमुखी भूमिसम्बन्धी ऐन, २०२१ खारेज गरी जसको जोत, उसको पोतको भावनामा आधारित हुदैं मोहियानी हकको संरक्षण गर्ने, जमिनको पुनर्वितरण गर्ने र भूमिलाई उत्पादनमूलक बनाउने नीतिसहित नयाँ जोताहामुखी ऐन निर्माण गरी लागू गरियोस्।

२ जोताहामुखी भूमिसुधारको निम्ति बाधक देखिएको वर्तमान संविधानलाई परिवर्तन गरी जोत्नेलाई भूमिको मालिक बनाउने र अन्यायपूर्ण ढंगले जमिन कब्जा गर्नेहरुलाई विना "क्षतिपूर्ती" हदवन्दी लगाउन सकिने संवैधानिक प्रावधान स्थापित गरियोस्। जल, जमिन, जंगल जस्ता प्राकृतिक स्रोतलाई निजी सम्पत्ती मानिने संवैधानिक व्यवस्थालाई खारेज गरी यसलाई सामुदायिक स्रोतको रुपमा स्थापित गरियोस्।

३ देशभरका हलियाहरुको नाममा रहेको ऋण खारेज गरी उनीहरुले पुस्तौंदेखि भोगचलन गर्दैआएको घरबास तथा जमिन विनाशर्त उनीहरुकै नाममा दर्ता गरियोस्, साथै जोतिरहेको जग्गामा मोहियानी हक कायम गरियोस्।

४ सम्पूर्ण कमैयाहरुको लगत दुरुस्त गरी मुक्त कमैयालाई जीवन निर्वाहको लागि आवश्यक खेतीयोग्य जमिन उपलब्ध गराइ एक परिवार एक रोजगारको व्यवस्था सहित उनीहरुको न्यायिक पुनर्स्थापना गरियोस्।

५ वास्तविक सुकुम्बासीलाई बास र कृषिमा आधारित सुकुम्वासी परिवारलाई खेतीको लागि आवश्यक (न्यूनतम घडेरीका लागि शहरी क्षेत्रमा २ आना २ पैसा, तराईमा १ कठ्ठा र पहाडमा २ रोपनी र खेतीको लागि तराईमा १ विगाहा र पहाडमा १० रोपनी ) जमिन उपलब्ध गराईयोस्। अव्यवस्थित बसोवासीहरुले भोग गरिररहेको जग्गा दर्ता गरियोस्।

६ गुठी जग्गा जोतभोगका आधारमा रैकरमा परिणत गरियोस्। बाँकी बक्यौता मिनाहा गरियोस्।

७ दर्ता नभएका सबै मोहीहरुको स्थलगत लगत लिई स्थानीय निकायको सिफारिस, सर्जमिन र साक्षीहरुको बयानसमेतका आधारमा तत्काल मोहियानी हक दर्ता प्रमाणपत्र वितरण गरी आधा जग्गा दिने व्यवस्था मिलाईयोस्।

८ जमिनमा आधारित हलिया, कमलरी, बालीघरे, डोली, गुहारे, हरुवा, चरुवा जस्ता सामन्ती कुप्रथाहरु अन्त्य गरियोस्।

९ एक व्यक्ति वा परिवारका नाममा देशभरि एउटै धनीपूर्जा नम्बर कायम गरी लैंगिक समानताको ग्यारेन्टीका लागि त्यस्तो धनीपूर्जा श्रीमान् र श्रीमतीको संयुक्त नाममा वितरण गरियोस्।

१० भूमि बैंकको अवधारणा जमिनदारलाई "क्षतिपूर्ती" दिने होईन, जोताहामुखी भूमिसुधारको अभिन्न अंगको रुपमा लागू गरिनुपर्दछ। यस्ता कार्यक्रम लागू गर्नुपूर्व भूमि अधिकारबाट वञ्चितहरुबीच व्यापक बहश गराईयोस्।

११ उखडा जग्गा भोगको आधारमा जोताहाको नाममा दर्ता गरियोस्। हालसम्मको बाँकी बक्यौता मिनाहा गर्नुको साथै अंगीकृत नागरिकता भएका किसानलाई हकबाट वञ्चित नगराईयोस्।

१२ नागरिकताको समस्यालाई यथाशीघ्र सुल्झाई सम्पूर्ण सुकुम्वासी एवं जोताहा किसानलाई नागरिकता तथा जग्गाको प्रमाण पत्र प्रदान गरियोस्।

१३ आदिवासी जनजातीहरुले परम्परागत रुपमा चर्चिदैं आएका एवं संरक्षण गर्दैआएका सामुदायिक भू-क्षेत्रलाई (चरन, खोरिया ईत्यादी) सम्वन्धित जनजातीको सामूहिक अधिकार स्थापित हुने कानुनी व्यवस्था गरियोस्।

१४ कुनै पनि विदेशी बहुराष्ट्रिय कम्पनीले नेपाली भूमिको स्वामित्व पाउन सक्ने तथा कृषि उत्पादनको क्षेत्रमा लगानी गर्ने विषयमा पुर्ण रुपमा बन्देज गरियोस्। कृषि उद्यमको निम्ति किसानहरुकै सहकारीलाई प्रोत्साहित गरियोस् र कृषिमा संलग्न नहुने विशुद्ध नाफामुखी लगानीकर्ताहरुलाई यस क्षेत्रमा प्रवेश नदिईयोस्।

१५ हिंसात्मक द्वन्द्वको चपेटामा परेका गरिब, दलित, मोही, हली, कमैया, सुकुम्वासी, उखडा तथा गुठी पीडितहरुको कष्टकर जीवनलाई ध्यानमा राख्दै तत्काल युद्ध विराम गरी परिणाममुखी शान्तिवार्ताको थालनी गरियोस्। राज्य तथा विद्रोही पक्षबीच हुने वार्ताको एउटा अनिवार्य एजेण्डाको रुपमा जोताहामुखी भूमिसुधारलाई समावेश गरियोस्।

**– तदर्थ कार्य समिति**

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

मिति : २०६१ पौष ६।

## अभियान क्रियाकलाप

### पूर्जा वितरण

किसान अधिकारका लागि सहयोगी समूह मेलम्ची र भूमि अधिकार अभियान इचोक गाउँ समितिको आयोजनामा इचोकको तारुकेबेशीमा तार्केघ्याङ्ग गोरखनाथ गुठीको मोही पूर्जा वितरण कार्यक्रम भयो । पुर्खौदेखि कमाएको जग्गामा मोहियानी हकको लागि लडिरहेका जोताहाहरुलाई सरकारले लामो संघर्षपछि भोगका आधारमा ४३ जना जोताहालाई मोही पूर्जा दिलाएको थियो । पूर्जा पाएको खुशीयालीमा किसानहरुले बाजा बजाउँदै नाराजुलुश सहित गाँउ र खेतहरुको परिक्रमा गरेका थिए ।

कार्यक्रममा भूमिअधिकार जिल्ला सञ्जाल समितिका अध्यक्ष सोमप्रसाद भण्डारीले सामूहिक संघर्षले हाम्रो हक प्राप्त भएको छ भन्दै अब थप अधिकारका लागि समेत यसै गरी जुट्नुपर्छ भन्नुभयो । सोही कार्यक्रममा किसान अधिकारका लागि सहयोगी समूहका अध्यक्ष होमबहादुर कटुवालले भन्नुभयो 'हामी सम्पूर्णको प्रयासबाट नै यो सफलता हात लागेको हो । यो उदाहरणको रुपमा जताजतै लैजानुपर्छ ।'

कार्यक्रमको उद्घाटन वृद्धा तत्वकुमारी गजुरेलले र लालपूर्जा वितरण मोही धनसिंह भुजेलले गर्नुभएको थियो । पूर्जा वितरण गर्नुअघि कवि पीताम्बर भण्डारी, पीडित नारायण भण्डारी र टीकामाधव गजुरेलले मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रममा भूमि अधिकारका क्रियाशील अन्य गाविसका प्रतिनिधिहरु सहित सयौंको उपस्थिति थियो । कार्यक्रम भूमि अभियान इचोकका अध्यक्ष नवराज गुरागाइको अध्यक्षता र बेनिबहादुर पण्डितको सञ्चालनमा भएको थियो ।

### अन्तरक्रिया कार्यक्रम

ग्रामीण महिला उत्थान केन्द्र र समाज कल्याण कार्यक्रम नेपाल (स्वान) को संयुक्त आयोजनामा 'द्वैध स्वामित्वको अन्त्य प्रक्रियामा कानुनी जटिलता र समस्या' विषयक १ दिने अन्तरक्रिया गोष्ठी मंसिर २६, २०६१ मा दाङको घोराहीमा सम्पन्न भएको छ । मोही किसानको जग्गा बाँडफाँडका लागि कानुनी प्रक्रियामा आउने जटिलता र ढिलासुस्तीलाई हटाई सहज वातावरण तयार गर्नु गोष्ठीको उद्देश्य थियो । अन्तरक्रिया गोष्ठीमा जिल्ला भूमिसुधार अधिकारी गोविन्दप्रसाद शर्माले चैत्र मसान्तसम्ममा सबैले मोही बाँडफाँडको मुद्दा हाली सक्नुपर्ने र कार्यालयमा ढिलासुस्ती र केही अप्ठयारो भएमा आफैले सहयोग गर्ने बताउनुभयो । पीडितहरुले आफ्ना समस्याहरु राखेका थिए । कार्यक्रममा ४६ जनाको सहभागिता थियो ।

### बाँकेमा भूमि सम्मेलन

२०६१, मंसीर २३ र २४ गते नेपालगञ्ज बाँकेमा भूमि अधिकार जिल्ला सम्मेलन सम्पन्न भयो । सम्मेलनमा सुकुम्बासी, जोताहा किसान, कमैया, हलिया सहित चार सय भन्दा बढी प्रतिनिधीहरुको सहभागिता थियो । सम्मेलनको पहिलो दिनमा सामाजिक विकास तथा अनुसन्धान केन्द्रका अध्यक्ष लालमणी भण्डारीले कार्यपत्र प्रस्तुत गर्दै भन्नुभयो- 'कृषि प्रणाली सामन्ती उत्पादन प्रणालीमा आधारित र जमिनमाथिको निजी स्वामित्वले गर्दा आजसम्म पनि जमिन जोत्दै नजोत्नेहरु जमिनका मालिक भएका र रातोदिन जमिनमा पसिना बगाउनेको एकटुक्रा जमिन नभएको स्थिति विद्यमान छ । यस्तो हुनुमा राज्यको गलत नीति र विद्यमान सामाजिक संरचना नै प्रमुख छन् ।' भूमिअधिकार विना अन्य अधिकार सम्भव नभएकोले यसलाई सँगसँगै जोडेर लैजानुपर्ने जोड कार्यपत्रमा दिइएको छ । दोस्रो दिनमा सम्पन्न बन्दसत्रमा पूर्णबहादुर अधिकारीको अध्यक्षतामा जिल्लास्तरीय जनसंगठन निर्माण गरिएको थियो । समिति गठन पछि निस्केको ऱ्यालीले नगर परिक्रमा गर्नुको साथै ऱ्याली पछि पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । पत्रकार सम्मेलनमा २०६१ मंसीर १४ मा प्रकाशित राजपत्रको सूचनाबारे छलफल भएको थियो । जसमा स्वबासीहरुको नापनक्सा भएको तर दर्ता गर्न बाँकी घरजग्गाहरु दर्ता गर्ने उल्लेख गरिएको छ । भूमि अधिकार अभियानमा कार्यरत बाँकेका सामाजिक विकास तथा अनुसन्धान केन्द्र र उत्पीडित समुदाय जागरण मञ्च नेपालको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा बाँकेका अन्य सामाजिक संघसंस्थाहरुले ऐक्यवद्धता जनाएका थिए ।

**कुराकानी**

भूमि सवालबारे सुनसरी जिल्ला भूमिसुधार र मालपोत अधिकृतसँग सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी विनिता श्रेष्ठले गर्नुभएको कुराकानी :

# कार्यान्वय पक्ष फितलो र झन्झटिलो छ

**-गोपाल बहादुर थापा, भूमिसुधार अधिकृत, सुनसरी**



वर्तमान द्वन्द्वको स्थितिमा सुकुम्बासी समस्या समाधान गर्न कठिन छ। राजनीतिक नियुक्तिबाट गठन हुने अस्थायी प्रकृतिका सुकुम्वासी आयोगबाट समस्या सामाधान हुनसक्दैन। यस्ता आयोगमा राजनीतिक नियुक्ति नदिई न्याय सेवाका न्यायधीसलाई अध्यक्ष बनाएर मालपोत, भूमिसुधारलगायतका कार्यालयलाई सदस्य बनाई दिर्घकालीन आयोग गठन गरेमा मात्र काम प्रभावकारी र सफल हुन्छ।

द्वैध स्वामित्वको अन्त्य गर्न २०५३ सालमा संसोधित भूमिसुधार ऐनले गरेको व्यवस्थानुसार मोही र जग्गाधनीलाई जग्गा बाँडफाँड गर्ने कार्य पनि त्यति सफल भएन। ऐनको व्यवस्था एकातिर छ भने कार्यान्वयन पक्ष फितलो र झन्झटिलो छ। जग्गा बाँडफाँड गर्ने अधिकार भूमिसुधार अधिकृतलाई दिएपनि कानून बमोजिम प्रक्रिया पुऱ्याई काम गर्दा धेरै समय लाग्ने गर्छ। द्वन्द्वको अवस्थाले प्रतिवादीलाई म्याद तामेल गर्न असहज भईरहेको छ। राजपत्रको सुचनाअनुसार निवेदन दिने म्याद २०६१ चैत्रसम्म भएपनि बाँडफाँड मुद्दा सोचेजति आएको छैन। मोही र जग्गाधनीको सहमतीमा भने तुरुन्तै निर्णय गर्न सकिन्छ। मोहीको रेकर्ड पनि भूमिसुधार कार्यालयमा अपुरो छ। सुनसरीमा अन्दाजी १२-१३ हजार मोही भेटिएका छन्। लगत कट्टा गर्न बाँकी ७ देखि ८ हजारको हाराहारीमा रहेका छन्।

मालपोत र भूमिसुधार एउटैमा गाँभिनुपर्छ। किनभने मोही जग्गा, तथ्यांक र जग्गा सम्बन्धी सम्पूर्ण तथ्यांक मालपोतमा हुने र जग्गा सम्बन्धी मोही, नामसारी र कुत सम्बन्धी सम्पूर्ण मुद्दाहरु भूमिसुधारमा दर्ता हुने हुँदा तथ्यांकको अभावमा काम कारवाही गर्न असजिलो र बढी समय लाग्ने गर्दछ।

# सुकुम्बासीबारे छुट्टै नीति बनाउनुपर्छ

**- ठाकुर प्र. निरौला मालपोत अधिकृत, सुनसरी**

भर्खरै यस जिल्लामा राजपत्रको सुचना अनुसारको समिति गठन भई १३ हजारको हाराहारीमा मुद्दा दर्ता भएको छ भन्ने सुनेको छु। राजपत्रमा सूचना त निकालिन्छ तर ति सूचनाहरुलाई सम्बन्धित निकायसम्म पुऱ्याउने कार्य नहुँदा समयमा जानकारी हुँदैन। हजारौंको संख्यामा सुकुम्वासीको निवेदन दर्ता त भए तर ति निवेदनहरुलाई कार्यान्वयन गर्न दीर्घकालीन सोचसहित काम गर्ने आयोग हुनुपर्छ।

दीर्घकालीन सोच विनाको समितिले काम हुदैंन। नत्र यसभन्दा अघि बनेका थुप्रै सुकुम्वासी आयोगले पुर्जा त बनाए तर मालपोतको स्रेस्तामा दर्ता हुनुपूर्व सरकार विघटनसँगै आयोग पनि विघटन हुने हुँदा त्यस्ता काम कारवाही अधुरो रहँदै आएको छ। सरकारै पिच्छे राजनीतिक महत्वकांक्षा बढी



बोकेका आयोग बन्ने प्रकृया रहिरहेसम्म सुकुम्वासी समस्या समाधान हुँदैन।

सुनसरीमा सरकारी र सार्वजनिक जग्गा निकै छ। जसको क्षेत्रफल- १८४७६- ६-१२ ३/४ छ। कित्ता संख्या २६,०८६ रहेको छ। जुन सुकुम्वासीहरुलाई वितरण गर्न सकिन्छ।पुरानो सुकुम्बासीको श्रेस्ता दर्ता गर्न बाँकी रहेको मुद्दामा माथिल्लो निकायवाट निर्देशन गरिएमा हामी सबै पुर्जा श्रेस्तामा चढाउन सक्छौं, दर्ता गर्न सक्छौं।

आयोग गठन हुनुपुर्व पहिले बनेका आयोग र पुर्जाहरुको छानबिन गर्नुपर्छ। जग्गा प्राप्त गरेका व्यक्तिहरुले त्यसको सदुपयोग गरे कि गरेनन्, त्यो पनि हेरिनुपर्छ। जग्गा वितरण गरिंदा सुकुम्बासी बस्न नसक्ने स्थान वितरण गरियो भने पनि त्यसको केही अर्थ रहदैंन र अर्को महत्वपूर्ण विषय छानविनको मापदण्ड के र कस्तो हुनुपर्छ भन्ने कुरामा ध्यान दिनुपर्दछ। सुकुम्वासी पहिचान हामीले कसरी गर्ने त्यसको निर्दिष्ट खाका हुनुपर्छ। सरकारले यस विषयमा छुट्टै नीति बनाउनु पर्दछ।

श्री ५ को सरकार

# भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग
बबरमहल, काठमाण्डौं

श्री ५ को सरकारले आर्थिक वर्ष २०६१/०६२ भित्र मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड गरीसक्ने गरी लक्ष्य तोकेको छ। जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड गर्ने भुमी सम्बन्धी ऐन, २०२१ को संसोधित व्यवस्था अनुसार मोही वा जग्गाधनीले भूमिसुधार भएको जिल्लामा भूमिसुधार कार्यालय र भूमिसुधार नभएको जिल्लामा सम्बन्धित मालपोत कार्यालयमा गई २०६१ साल चैत्र मसान्तभित्र जग्गा बाँडफाँडको लागि निवेदन दिइसक्नुपर्ने भएको हुँदा सवै मोही वा जग्गाधनीले जग्गा बाँडफाँडको लागी २०६१ साल चैत्र मसान्त भित्र निवेदन दिइसक्नु हुन यसै सुचना मार्फत् जानकारी गराइएको छ। तोकिएको म्याद भित्र मोही वा जग्गा धनीले जग्गा बाँडफाँडको लागि निवेदन नदिएमा सम्बन्धित कार्यालयले कानून वमोजिम जग्गा बाँडफाँड गर्न सक्ने व्यहोरा समेत सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

## हाम्रा प्रकाशनहरु

| | | |
|---|---|---|
| १. | सिन्धुपाल्चोक मोही अभियान, प्रक्रिया अभिलेखन | रु.१५०/- |
| २. | नेपालको भूमि सम्बन्धी नीति, समिक्षात्मक अध्ययन, २०५९ | रु.२५०/- |
| ३. | नेपालको मोहियानी तथा हदबन्दी व्यवस्था | रु.१५०/- |
| ४. | जोताहा किसानले थाहा पाउनैपर्ने कुरा | रु.३०/- |
| ५. | विद्यायकहरुमा बेदर्तावाल मोहीहरुको अनुरोध | रु.५०/- |
| ६. | अधिकारको खोजी (भिडियो) | व्यक्तिगत रु.५००/-संस्थागत १०००/- |
| ७. | जनअधिकार (अडियो) | व्यक्तिगत रु.६०/- संस्थागत १००/- |
| ८. | भूमि अधिकारका लागि वकालत | रु.५०/- |
| ९. | नेपालमा भूमि अधिकार, अध्ययन प्रतिवेदन | अग्रेजी रु.३००/- नेपाली रु.२८०/- |
| १०. | रिफ्लेक्सन रिपोर्ट २००३ | - |
| ११. | भूमि अधिकार तालिम, गोष्ठी सम्बन्धी प्रतिवेदन, पोष्टर, पम्पलेट, आदि। | - |
| १२. | भूमि अधिकार बुलेटिन (पहिलो, दोस्रो, तेस्रो अङ्क २००३) | - |
| १३. | भूमि अधिकार लेखमाला | - |
| १४. | गरिबी न्यूनीकरण रणनीतिपत्र र भूमि सवाल | रु. ५०/- |
| १५. | भूमिअधिकार र जगन्नाथ आचार्य | - |
| १६. | भूमिअधिकारसम्बन्धी पढ्ने सामाग्री | |
| | पढ्ने सामाग्री १ - भूमिसम्बन्धी कानुनहरु | रु. १०/- |
| | पढ्ने सामाग्री २ - भूमिहिनता | " |
| | पढ्ने सामाग्री ३ - गुठी | " |
| | पढ्ने सामाग्री ४ - हदवन्दी | " |
| | पढ्ने सामाग्री ५ - हलिया | " |
| | पढ्ने सामाग्री ६ - कमलरी | " |
| | पढ्ने सामाग्री ७ - बाँझोपन र खाद्यान्न | " |
| | पढ्ने सामाग्री ८ - मोहियानी | " |
| | पढ्ने सामाग्री ९ - मुक्त कमैया | " |
| | पढ्ने सामाग्री १० - उखडा | " |
| | पढ्ने सामाग्री ११ - भूमिमा महिला स्वामित्व | " |

**भूमि अधिकार सम्बन्धी यी सामाग्री आवश्यक परेमा वा भूमि अधिकार अभियानका सम्बन्धमा जानकारी चाहिएमा संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।**

## हाम्रा नयाँ प्रकाशनहरू




सम्पादन / प्रकाशन

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

**Community Self Reliance Centre (CSRC)**

सिन्धुपाल्चोक, सम्पर्क कार्यालयः काठमाडौं

पोष्ट बक्स नं : १९७९०, फोन ३६०४८६

E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org